पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : २४ | २०७० पुस २६ गते शुक्रबार (Jan. 10, 2014) | मूल्य रू. १०/-

## भोलि राष्ट्रिय एकता दिवस



काठमाडौं । भोलि पुस २७ गते पृथ्वी जयन्ती । पृथ्वी जयन्तीका दिन राष्ट्रिय एकता दिवस मनाइने गरेकोमा जनआन्दोलनपछि एमाओवादीको दबाबमा खारेज गरिएको थियो । तर यसपटक राष्ट्रियस्तरमै एकता दिवस मनाउने र खारेज गरिएको बिदा कामय गर्ने राजनीतिक सहमति बनेको छ ।एकता दिवस मनाउनु पर्छ भनेर भएको एक कार्यक्रममा सरकारका पर्यटनमन्त्री रामकुमार श्रेष्ठ नै उपस्थित भए । यो कार्यक्रममा काँग्रेसले शेखर कोइराला, एमालेले रघुजी पन्त, (**बाँकी अन्तिम पेजमा**)

# शितल निवासमा राम बदनाम

काठमाडौं । पुस २३ गते राष्ट्रपति डा.रामवरण यादवले संविधानसभाको निर्वाचन सम्पन्न भएकोमा खुशी व्यक्त गर्न पुसको चिसोको पारिलो घाममा चियापानको कार्यक्रम आयोजना गरे । संविधानसभामा प्रतिनिधित्व गर्ने ३० पार्टीको नेतृत्व, नेपाल सरकारका अध्यक्ष, मन्त्रीहरू र नेपालस्थित कूटनीतिक व्यक्तिहरू शीतल निवास पुगे । संविधानसभा ०६४ले चिनेको राष्ट्रपतिले ०७० को संविधानसभाका नेताहरूका सामु



विश्वलाई साक्षी राखेर रामको आदर्श, अनुशासन, मर्यादा अनुसार नैतिकताको प्रदर्शन गर्दै राष्ट्रपतिबारे निर्णय गर्न आग्रह गर्लान् भनेको त पदप्रतिको आशक्ति पो देखाए ।

राष्ट्रपति डा.रामवरण यादवले भने मुलुक दलहरूको काँधमा आएको छ, एकवर्ष भित्रै संविधान जारी गर्ने बाचा गर्नु भएको छ, बाचा पुरा गर्नोस् । यसरी शितल निवासमा राम बदनाम भए । कलियुगी रामवरणले भगवान् रामको बदन □ाम गरे ।

एमाओवादी र एमालेले नवनिर्वाचति संसद, संविधानसभाबाट राष्ट्रपतिको चुनाव हुनुपर्छ भनिरहेका छन् । यो बखेडालाई शान्त पार्न र आफ्नो कार्यकाल संविधान जारी नभएसम्म निरन्तर कायम राख्न केही हप्तादेखि राष्ट्रपति डा.रामवरण यादवले राजनीतिक नेताहरूलाई भोजभतेर (**बाँकी अन्तिम पेजमा**)

## एमाओवादीभित्र प्रतापलाई पश्चाताप



काठमाडौं । पूर्वप्रहरी महानिरीक्षक रवीन्द्रप्रताप शाहलाई एमाओवादीले सभासद् बनाएपछि उठेको तरङ्ग अझै सेलाएको छैन । जनयुद्धकालमा हामीलाई सघाएका व्यक्ति भनेर डा. बाबुरामलेसमेत ओकलेपछि त्यतिबेला डीआईजी रहेका रवीन्द्रप्रतापले के त्यस्तो सघाएछन् भनेर सुरक्षा निकायदेखि राजनीतिक वृत्तसम्म चर्चा व्याप्त भएको छ ।

यसको अर्थ पदीय मर्यादा शाहले तोडेको र नमक हरामी काम गरेको निष्कर्ष प्रहरीहरूले नै निकालेका छन् । यसबीच पटक-पटक गरेर ३ करोड ५० लाख सहयोग गरिसकेपछि मान होइन मेरो त अपमान (**बाँकी अन्तिम पेजमा**)

## आत्मालोचनाको नाटक, शाख जोगाउने कसरत

**अभियान संवाददाता**

काठमाडौं । संविधानसभाको दोस्रो निर्वाचनमा नराम्रो पराजय भोग्न बाध्य भएको एमाओवादीभित्र अहिले एकले अर्कोलाई आरोप प्रत्यारोप लगाउने होडबाजी नै चलेको छ । यही पुस २६ गतेदेखि एमाओवादीको केन्द्रिय समितिको बैठक बस्ने भनिएता पनि अध्यक्ष पुष्पकमल दाहालले आफूलाई अप्ठ्यारो पर्नेभएपछि एक हप्ता पछि बैठक नै सारेका छन् । उक्त दलका नीत शीर्ष नेताहरू अध्यक्ष पुष्पकमल दाहाल, नेता बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ आ-आफ्नो रणनीति बनाउन थालेका छन् ।

एमाओवादीले समानुपातिक तर्फबाट पाएको ५४ सिटमा आ-आफ्ना मान्छे संविधानसभामा पठाउने कोशिस गरेको भएपनि अध्यक्ष दाहालले भट्टराई र श्रेष्ठलाई चिढ्याउँदै एकलौटी ढंगले आफ्ना मान्छे



पठाएको भन्दै भट्टराई र श्रेष्ठले आपत्ति जनाउँदै नाम सच्याउन आग्रह गरेपनि अध्यक्ष दाहालले टेरपुच्छर नलगाएपछि भट्टराई र श्रेष्ठ दाहालप्रति आक्रोशित भएका



छन् । पछिल्लो समयमा भट्टराई र श्रेष्ठ एकातिर मिल्न सक्ने सम्भावना बढेपछि अध्यक्ष दाहालले भट्टराई र श्रेष्ठसँग छुट्टा (**बाँकी अन्तिम पेजमा**)

## अध्यक्ष दाहाललाई देवेन्द्रको चुनौती

**अभियान संवाददाता**

काठमाडौं । एमाओवादीका नेता एवं पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईका राजनीतिक सल्लाहकार देवेन्द्र पौडेलले आफ्नो पार्टी नेतृत्व र अध्यक्षको नीति असफल भएको हुनाले अब नेतृत्व परिवर्तन गर्नुपर्ने बताएर अध्यक्ष ग्य□पुष्पकमल दाहाललाई एक प्रकारको चुनौती खडा गरिएका छन् । पौडेलले हालै एक सार्वजनिक कार्यक्रममा बोल्दै संविधानसभाको दोस्रो निर्वाचनको परिणामले आफ्नो पार्टीको नृतत्व र उनको नीति असफल भएको प्रमाणित गरेकाले पार्टी नेतृत्व परिवर्तनको मुद्दाले औपचारिक रूपमा प्रवेश पाएको बताएका छन् ।

राजधानीमा हालै आयोजिक कार्यक्रममा बोल्दै नेता पौडेलले आगामी केन्द्रिय समितिको बैठकमा नेतृत्व



परिवर्तनको मुद्दामा कडा बहस हुने दाबी पनि गरे । उनले अब नयाँ पुस्ता नेतृत्वका (**बाँकी अन्तिम पेजमा**)

## जनतालाई सत्ता हत्याउने भऱ्याङ नबनाइयोस्

काठमाडौं । पहिलो संविधानसभाले संविधान निर्माण गर्न सकेन । दलहरूको असफलता र अकर्मण्यताका कारण दलहरूले संविधान निर्माण नै नगरी संविधानसभाको हत्या नै गरिदिए । नेपाली जनताले दुई वर्षको म्याण्डेट दिएर संविधान निर्माण गर्न पठाएका प्रतिनिधिहरूले जनताको म्याण्डेट उल्लंघन गर्दै दुई वर्षको म्याद चार वर्षसम्म पुऱ्याएपनि उनीहरू संविधान निर्माणमा असफल र असक्षम सावित भए ।

पहिलो संविधानसभा असफल भएपछि पुनः संविधानसभाकै लागि गत मंसिर ४ गते सम्पन्न भएको निर्वाचनको परिणाम आएको झण्डै दुई महिना बितिसक्दा पनि दलहरूले संविधानसभाको पहिलो बैठक बोलाउन नसकेका हुनाले दोस्रो संविधानसभाको अवस्था पनि पहिलाकै जस्तो हुने सम्भावना बढेर गएको छ । पहिलो संविधानसभामा उपस्थित भएका दलहरूको हैसियतामा परिवर्तन आएको छ । पहिलो (**बाँकी अन्तिम पेजमा**)

## एमाओवादीभित्र अलग हुने धम्की

काठमाडौं । संविधानसभाको दोस्रो निर्वाचनमा पार्टी उम्मेदवारलाई अन्तरघात गरेर हराएको आरोप लागेका एमाओवादीका नेताहरूले धनुषामा अलग्गै भेला गरेर पार्टी नेतृत्वलाई सच्चिन कडा चेतावनी दिएका छन् । भेलामा उपस्थित भएका पार्टी नेताहरूले आफ्नो पार्टी नेतृत्वले निर्वाचनमा अवसरवादीलाई साथ दिएको हुनाले नै पार्टीको अनपेक्षित परिणाम आएको निष्कर्षसमेत निकालेका छन् । अनुशासन आरोप लागेका नेता तथा कार्यकर्ताले पार्टीबाट निकालिएका नेता श्रवण यादव बरबरियाको आतिथ्यमा भएको भेलामा असर्फी, मीनवार, युवा नेता देवसागर दास, चन्द्रेश्वर पूर्वे, सरोज गोहिवार, बुधराम यादव, वैजनाथ यादव, अजय पासवान, रामस्वार्थ ठाकुर, महिला नेतृ रेखा यादवलगायत क्षेत्र नं. ४ का इन्चार्ज भरत अधिकारी, ५ का इन्चार्ज चन्द्रेश्वर पासवान र क्षेत्र नं. ३ का इन्चार्ज अनसरूल पनि सहभागी थिए । (**बाँकी अन्तिम पेजमा**)

## नेपालमा पनि 'राइट टु रिजेक्ट'को व्यवस्था

काठमाडौं । विश्वका १४ वटा देशमा चुनावमा उम्मेदवारका रूपमा खडा भएका व्यक्तिलाई मन नपराउन पाउने कानुनी व्यवस्था रहेकोमा अब नेपालमा पनि त्यस्तै व्यवस्था कायम हुने भएको छ । उम्मेदवारलाई मन नपारउन पाउनेमा नेपाल १५ औँ राष्ट्र भएको छ । अब निर्वाचन आयोगले चुनाव चिन्हमा मतदान गर्ने कोठा जस्तै अन्त्यमा माथिका कुनै उम्मेदवारलाई मन पराइँन वा मेरो सहमति छैन भन्ने कोठा राख्नु पर्ने कानुनी बाध्यता रहेको छ । यसरी एकपल्ट मतदाताले अस्वीकार गरेका व्यक्तिहरू एकपल्टको लागि चुनावमा उम्मेवार हुन अयोग्य हुनेछन् । हालसम्म फ्रान्स, बेल्जियम, ब्राजिल, ग्रिस, बंगलादेश, फिनल्यान्ड, स्वीडेनल, अमेरिका, कोलम्बिया, स्पेनलगायत १३ देशमा यो व्यवस्था लागु गरिएको छ भने छिमेकी मुलुक भारत पनि यो व्यवस्था छ ।



सर्वोच्च अदालतले पुस २१ ग्ते यस्तो अधिकार नेपाली मतदाताले पाउनु पर्ने आदेश दिएको हो । अदालतले मतदाताले अस्वीकार गर्न सक्ने अस्वीकारको विकल्प (राइट टु रिजेक्ट) लाई पनि मताधिकारको रूपमा अनिवार्य समावेश गर्न सरकार र निर्वाचन आयोगको नाममा परमादेश जारी गरेको (**बाँकी अन्तिम पेजमा**)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

## जुँगाको लडाइँमा संविधानसभा बन्धक

*संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको दुई महिना पुग्न लाग्दा पनि दलहरु संविधानसभाको पहिलो बैठक कसले बोलाउने भन्ने विवादमा अलमलिएर संविधानसभाको बैठकलाई पछि सार्ने अभ्यासमा लागेका छन् । नेपालीको अन्तरिम संविधानमा संविधानसभाको पहिलो बैठक प्रधानमन्त्रीले बोलाउने व्यवस्था गरेको भन्दै नेकपा एमाले र एमाओवादी संविधानअनुसार नै हुनुपर्छ भन्ने अडानमा रहे पनि नेपाली कांग्रेससहितका अन्य केही साना दलहरु भने राष्ट्रपति राष्ट्राध्यक्षसमेत भएको र संसदको पहिलो बैठकको आह्वान र समापन पनि राष्ट्राध्यक्षबाटै हुनुपर्ने संवैधानिक व्यवस्था भएको हुनाले त्यसैअनुसार हुनुपर्ने भन्दै आ–आफ्ना अडानमा कायम रहेको हुनाले संविधानसभाको बैठक डाक्न ढिला भएको हो ।*

*संविधानसभाको पहिलो बैठक पहिला तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आह्वान गरेका थिए । त्यसबेला दलहरुले तत्कालीन राजालाई निलम्बन गरेर प्रधानमन्त्री कोइरालालाई नै कार्यवहाक राष्ट्राध्यक्ष बनाएको हुनाले कोइरालाले त्यसबेला प्रधानमन्त्रीको नाताले नभएर राष्ट्राध्यक्षको नाताले संविधानसभाको बैठक आह्वान गरेको सबैको सामु जगजाहेर रहेकाले अहिले राष्ट्रपति कार्यालय र मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयबीचमा जुँगाको लडाइँ बद्नु किमार्थ उचित हुँदैन । अहिले मुलुकमा संवैधानिक व्यवस्था अनुसार राष्ट्रपति र उपराष्ट्रपति रहेका छन् । यदि नेकपा एमाले र एमाओवादीले लिएको अडानलाई सही मान्ने हो भने विभिन्न मुलुकका नेपालका लागि राजदूतहरुले आ–आफ्नो राजदूतको प्रमाणपत्र किन राष्ट्रपतिलाई बुझाउने ? गिरिजाप्रसाद कोइरालाले आफू प्रधानमन्त्री भएको बेला विभिन्न मुलुकका नेपालका लागि राजदूतहरुको प्रमाणपत्र बुझेका थिए । उनले एकैदिन इजरायललगायत अन्य मुलुकका राजदूतहरुको प्रमाणपत्र बुझेका थिए । त्यसबेला प्रधानमन्त्री नै कार्यवहाक राष्ट्रप्रमुख भएको नाताले उनले प्रमाणपत्र बुझेका थिए । के अहिले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले पनि त्यसै गर्न सक्छन् ?*

*अन्तरिम संविधानमा कतिपय विषयहरु अमिल्दा र फरक–फरक अर्थ लाग्ने खालका भएका हुनाले त्यसलाई देखाएर अनेक प्रकारका बखेडा निकाल्नुभन्दा विश्वव्यापी परम्परा र मान्यतालाई मध्यनजर राख्दै त्यसैअनुसार अगाडि बढेको खण्डमा राष्ट्रपति कार्यालय र मन्त्रिपरिषद्को कार्यालयबीचको बखेडा समाप्त हुन्छ । पहिलादेखि नै दलहरुले अन्तरिम संविधानलाई आफू अनुकूल व्याख्या गर्दै आएका हुनाले अहिले समस्या देखिएको हो । नेकपा एमालेले संविधानको कुरा उठाउने हो भने ताजा जनादेश लिएर आएको संविधानसभाले किन हत्या गरिएको संविधानसभाले गरेका निर्णयहरुको स्वामित्व ग्रहण गर्नु पर्ने ? यदि राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव ताजा जनादेश लिएर आएको संविधानसभाले गर्ने हो भने पहिलो संविधानसभाले गरेका कुनै पनि निर्णयहरु अहिलेको संविधानसभाले स्वीकार गर्नुपर्ने बाध्यता रहने छैन । ताजा जनादेश लिएर आएको संविधानसभाले अब संविधान निर्माणको कार्य शून्यबाट सुरु गर्नु पर्दछ । २०६३ सालमा तत्कालीन राजाबाट पुनर्स्थापना गरिएको तत्कालीन प्रतिनिधिसभामा तत्कालीन माओवादीका ८३ जनालाई प्रतिनिधिसभा सदस्यका रुपमा संसद्मा पठाइएको र त्यही प्रतिनिधिसभाले राजतन्त्रको अन्त्य गर्ने निर्णय गरेर संविधानसभाको पहिलो बैठकले त्यसलाई कार्यान्वयन गर्ने छ भन्ने हुकुम जारी गरेको थियो । संविधानसभाको चुनावपछि संविधानसभाको पहिलो बैठकले २०६४ साल जेष्ठ १४ गते तत्कालीन प्रतिनिधिसभाको हुकुमलाई जस्ताको तस्तै स्वीकार गरेर राजतन्त्र अन्त्य भएको घोषणा गरेको थियो । अहिले त्यो असंवैधानिक कार्यको असर संविधानसभाको बैठक कसले बोलाउने भन्नेमा देखिएको छ ।*

*ठूला दल भनिएका नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादीबीच अहिले एकले अर्कोलाई जसरी भए पनि पछार्ने राजनीतिक रणनीति सुरु भएको र उनीहरुले कुनै बेला मन्त्रिपरिषद्का अध्यक्ष र कहिले राष्ट्रपतिलाई देखाएर आ–आफ्नो पार्टीगत स्वार्थ पूरा गर्ने खेलमा मात्र लागेका हुनाले ताजा जनादेश दिएका सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान भएको छ । जनताले दलको हैसियत निर्धारण गरिदिइसकेका हुनाले कुनै दललाई पनि निषेधको राजनीति नगरी जनताले सुम्पेको जिम्मेवारी पूरा गर्न अघि बढ्नु पर्नेमा जुँगाको लडाइँमा लाग्नु किमार्थ उचित हुँदैन भन्ने हाम्रो ठहर हो ।*

# अति भो जुँगाको लडाइँ

*देवेन्द्र चुडाल*

संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको झन्डै दुई महिना बित्न लाग्दासमेत ठूला भनिएका दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादीले सहमति गरेर संविधानसभाको बैठक बोलाउन सकेका छैनन् । अहिले संवैधानिक व्यवस्थालाई लिएर यिनै ठूला भनिएका दलहरू विभाजित भएका छन् । तत्कालीन अवस्थामा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पहिलो संविधानसभाको बैठक बोलाएका थिए । त्यसबेला गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीमात्र नभएर कार्यवहाक राष्ट्राध्यक्षसमेत भएका हुनाले उनले संविधानसभाको बैठक बोलाएका थिए । अहिले समय र परिस्थिति फेरिएको छ । राष्ट्रपति र उपराष्ट्रपति बहाल रहेका छन् । राष्ट्रपतिलाई संविधानले संसद्को अधिवेशन आह्वान गर्ने र अन्त्य गर्ने अधिकार दिएको हुनाले संविधानसभाको बैठक पनि राष्ट्रपतिले नै बोलाउनु उपयुक्त हुने भए पनि वहालवाला सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको अन्तरिम चुनावी सरकारका अध्यक्षले संवैधानिक व्यवस्था अनुसार संविधानसभाको पहिलो बैठक आफूले बोलाउन पाउनुपर्ने भन्दै सितल निवास र सिंहदरबारभित्रको आन्तरिक कलह बाहिर ल्याउनुले सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान भएको छ ।

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले पहिलो संविधानसभामा पनि दुई वर्षको म्यान्डेट दिएर आफ्ना प्रतिनिधिहरू पठाएका थिए । उनीहरूलाई जनताले संविधान निर्माण गर्ने आदेश दिए पनि दलहरूको असफलता र अकर्मण्यताका कारण दलहरूले संविधान निर्माण गर्न सकेनन् । दलगत स्वार्थका कारण पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेको सत्य वास्तविकता भए पनि अहिलेसमेत दलहरूले त्यस्तै व्यवहार देखाउन थालेका छन् । दलहरूले आपसमा बसेर सबै समस्याको समाधान खोज्नुपर्नेमा दलहरूले एकले मन्त्रिपरिषद्का अध्यक्षलाई बोक्नु र अर्कोले राष्ट्रपतिलाई बोक्नुले समस्याको समाधान हुन सक्दैन । नेपाली कांग्रेससहितका अन्य दलहरूले विश्वव्यापी सिद्धान्तअनुसार संविधानसभाको पहिलो बैठक राष्ट्रपतिले नै बोलाउनु पर्ने अडान लिएको छ भने नेकपा एमाले र एमाओवादीले संवैधानिक व्यवस्थाअनुसार मन्त्रिपरिषद्का अध्यक्षले नै संविधानसभाको पहिलो बैठक बोलाउनु पर्ने अडान लिएको हुनाले संविधानसभाको बैठक कहिले बस्छ भन्ने अन्यौल कायम रहेको छ । पछिल्लो समयमा सिंहदरबार र सितलनिवासबीच एक प्रकारको जुहारी नै चलेको छ । त्यो जुहारीलाई दलहरूले जानीनजानी सहयोग गरिरहेका छन् । यी दुवै संस्थाबीचको जुहारीले गर्दा मुलुक थप संकट तर्फ धकेलिएको छ ।

अहिलेको समस्याको जड दलहरू नै हुन् । खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने निर्णय दलहरूले २०६९ साल फागुन ३० गते गरेका थिए । त्यसबेला उनीहरूले संविधानका विभिन्न २५ वटा प्रावधानहरू संशोधन गर्दै ११ बुँदे सहमति गर्दै त्यसैका आधारमा संविधानका २५ वटा दफा उपदफा, धारा–उपधाराहरू संशोधन गरेको भए पनि त्यसबेला न त राष्ट्रपति कार्यालयले संविधानसभाको पहिलो बैठक प्रधानमन्त्रीले बोलाउने भन्ने संविधानको धारा ६९ लाई संशोधन गर्ने कार्यलाई ध्यान दिन नसकेको हुनाले अहिले विवाद सिर्जना भएको हो । राष्ट्रपति कार्यालयमा कानुनविदहरू रहेपनि उनीहरूले संविधानको उक्त धारालाई ध्यान दिन नसक्नु भनेको उनीहरूको मात्र असफलता नभएर राष्ट्रपतिको समेत असफलता हो । विश्वव्यापी मान्यतालाई नेपाली कांग्रेस र राष्ट्रपति कार्यालयले प्राथमिकतामा राखेर त्यसैअनुरूप हुनुपर्दछ भन्नु आफ्नो दुनो सोझ्याउने खेलबाहेक केही हुन सक्दैन । यदि विश्वव्यापी मान्यताअनुसार अघि बढ्नुपर्ने मान्यतालाई स्वीकार गर्ने हो भने यसभन्दा अगाडि किन राष्ट्रपति कार्यालय र स्वयम् राष्ट्रपति रामवरण यादवले त्यसलाई स्वीकार गर्न सकेनन त ? मुलुकलाई दुरगामी असर पर्ने कुराहरूमा विश्वमै जनमत संग्रहको माध्यमबाट जनताको राय लिने परम्परा भए पनि किन नेपालमा भने त्यो स्वीकार्य भएन ? तत्कालीन राजाबाट पुनस्थापना गरिएको असंवैधानिक प्रतिनिधिसभाले असंवैधानिक तवरले नेपालबाट राजतन्त्र उन्मुलन भएको घोषणा गर्दै त्यसको कार्यान्वयन संविधानसभाको पहिलो बैठकले गर्नेछ भन्ने फरमान जारी गऱ्यो ? त्यही असंवैधानिक फरमान अनुसार २०६४ साल जेष्ठ १५ गते संविधानसभाको बैठकले राजतन्त्र उन्मुलन भएको घोषणा गऱ्यो । त्यो आफैंमा असंवैधानिक कदम थियो । जनताबाट चुनिएर आएका जनताका प्रतिनिधिहरूलाई त्यहाँ आफ्ना कुरा राख्न दिइएन । एउटा असंवैधानिक निकायले निर्णय गरेअनुसार त्यसलाई कार्यान्वयन गर्ने कार्यमात्र संविधानसभाले गरेको हुनाले त्यो संविधानसभा सार्वभौमसत्ता थिएन भनी यस स्तम्भकारले पटक–पटक लेख समाचारमार्फत आवाज उठाए पनि आजसम्म त्यसको कहींकतै सुनुवाई नभएको अवस्थामा अहिले आएर आफ्नो स्वार्थ पूरा गर्नका लागि राष्ट्रपति र राष्ट्रपति कार्यालयले विश्वव्यापी मान्यताको कुरा उठाउनु हास्यास्पद बाहेक अन्य केही हुन सक्दैन ।

मुलुकलाई धर्मनिरपेक्ष बनाउँदासमेत किन जनताको राय लिइएन ? आन्दोलनको बेला कसैले पनि संवैधानिक राजतन्त्र उन्मुलन गर्ने र धर्मनिरपेक्ष बनाउनुपर्ने माग गरेका थिएनन । त्यसबेला दलहरूले त्यस्तो मुद्दा नै उठाएका थिएनन् । तत्कालीन माओवादी र सात दलबीच भारतको राजधानी नयाँ दिल्लीमा भएको १२ बुँदे सहमतिमा समेत त्यस्तो सहमति भएको थिएन । निरङ्कुश राजतन्त्र मात्र अन्त्य गर्ने उल्लेख गरिएको भएपनि विदशीहरूको स्वार्थ र उनीहरूकै दबाबमा संवैधानिक राजतन्त्रको उन्मूलन गरिएको थियो । धर्म निरपेक्ष मुलुक बनाएर ९० प्रतिशत मुलुकबासीहरूको इच्छा र आकांक्षामाथि बज्र प्रहार गर्दा विश्वव्यापी मान्यता नचाहिने कांग्रेसलाई अहिले किन विश्वव्यापी मान्यताको चाहना भएको हो त्यो आफैंमा रहस्यका विषय बनेको छ ।

तत्कालिन अवस्थामा तत्कालिन राजाले असंवैधानिक तरिकाले विधिवत पदावधि समाप्त भइसकेको तत्कालिन प्रतिनिधिसभालाई पुनर्स्थापना गरिदिएका थिए । त्यसबेला सर्वोच्च अदालतले समेत प्रतिनिधिसभाको विघटनलाई संविधानसम्मत भनेको थियो । यसरी गणतन्त्र संस्थागत गर्ने नाममा असंवैधानिक कार्यहरू गर्ने यिनै दलहरू नै हुन् । अहिले आएर यिनै दलहरूले संविधानको आ–आफ्नो पार्टीगत स्वार्थका लागि आफ्नै खालको व्यख्या गर्नुको कुनै औचित्य छैन । गणतन्त्र स्थापना पछि दलहरूले संविधानसम्मत ढंगले मुलुक सञ्चालन गरेका भए अहिलेको जस्तो जटिल समस्या नै खडा हुने थिएन । तर कहिले उच्चस्तरीय राजनीतिक संयन्त्र त कहिले विवाद समाधान उपसमिति गठन गरेर ठूला भनिएका दलहरूले पार्टीगत स्वार्थ पुरा गर्ने प्रयास गरेका हुनाले मुलुक थप संकटमा फस्न पुगेको छ । संविधानले परिकल्पना नगरेको र एक व्यक्तिलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउनका लागि संविधान नै संशोधन गर्ने दलहरू अहिले किन बाधाअड्काउन फुकाएर समस्या समाधान गर्ने तर्फ अग्रसर भएनन् । संविधानलाई आ–आफ्नो स्वार्थ अनुसार व्याख्या गर्ने दलहरूको व्यवहार नै स्वयम् अहिले तिनै दलहरूको लागि धातक सावित भएको छ ।

१० वर्षे कथित जनयुद्ध गरेर संवैधानिक मार्गमा आएको तत्कालिन माओवादी ( हालको एमाओवादी)ले समेत संविधानलाई सत्तामा पुग्ने हतियारको रूपमा मात्र प्रयोग गऱ्यो । दलहरूबीच सहमतिको नौटंकी गरेर संविधानलाई सहमति अनुसार प्रयोग गर्न खोजिएको हुनाले पनि नेपालको अन्तरिम संविधान पूर्ण रूपमा असफल सावित भएको अवस्थामा अहिले आएर संविधान अनुसार यस्तो हुनुपर्छ भन्नु आफैंमा असंवैधानिक कार्य हो । संविधानले उच्चस्तरीय राजनीतिक संयन्त्र कहाँ देखेको छ । दलहरूबीच सहमति संविधान अनुसार गरिएको भए पहिला नै मुलुकले निकास पाइसक्ने थियो, तर संविधान अनुसार सहमति नगरी सहमति अनुसार संविधानको प्रयोग गर्ने र आ–आफ्नो स्वार्थ अनुरूप संविधानको व्याख्या दलहरूले गर्ने गरेका हुनाले पहिलो संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको एमाओवादीले सरकार सञ्चालन गर्दा संविधानलाई कति पालना गरेका थियो । एमाओवादीका अध्यक्ष र उपाध्यक्षले समेत सरकारको नेतृत्व गरिसकेको अवस्थामा उनीहरूले त्यसबेला संविधान अनुसार सरकार सञ्चालन गरेका भए अहिले उसले संविधानको कुरा गर्न सुहाउने थियो । तर त्यसबेला संविधानको धज्जी उडाउँदै आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर संविधानसभाको हत्या गर्ने एमाओवादी पार्टी र त्यसका उपाध्यक्ष डा.बाबुराम भट्टराई नै होइनन् र ?

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले आफूमा निहीत भएको अधिकार प्रयोग गरेर आ–आफ्ना प्रतिनिधिहरू संविधनसभामा पाठाइसकेका छन् । निर्वाचन भएको दुई महिना पुग्न लाग्दा समेत जनप्रतिनिधिहरूले कुनै काम गर्न पाएका छैनन् । उनीहरूले कुनै कामै नगरी तलबभत्ता खाइरहेका हुनाले अब संविधानसभाको बैठक बोलाउनै पर्दछ । शितल निवास र सिंहदरबार बीचको झगडाले संविधान निर्माणको कार्यलाई अवरोध पुऱ्याउनु भनेको सार्वभौमसत्ता सम्पन्न नेपाली जनतामाथिको अपमान र जनताले दिएको मतमाथिको खेलवाड मात्र हो । संविधानमा जे सुकै लेखिएता पनि मन्त्रिपरिषद्का अध्यक्षले मन्त्रिपरिषद्को बैठकबाट संविधानसभाको पहिलो बैठकको मिति, स्थान र समयका बारेमा निर्णय गरेर त्यही अनुरूपको सिफारिस राष्ट्रपतिलाई गरेको खण्डमा समस्याको समाधान हुने निश्चित भएपनि यी दुवै संस्थाबीच किन जुँगाको लडाइँ जारी रहेको छ ? के जनताले त्यसको उत्तर पाउनु पर्दैन ? लोकतान्त्रिक पद्धतिमा जनता बाहेक अन्य कुनै शक्ति ठूलो हुँदैन, सबै समस्याको समाधन स्वयम् जनताले नै खोज्ने भएका हुनाले जनताको मतलाई दलहरूले स्वीकार गर्दै जनताले दिएको हैसियत अनुसार अघि बढ्नु दलहरूको कर्तव्य र दायित्व हो ।

पछिल्लो समयमा एमाओवादी नेपाली कांग्रेस र नेकपा एमालेबीच दुरी खडा गरेर आफ्नो पार्टीगत स्वार्थ पुरा गर्न उद्दत भएको जस्तो देखिएको हुनाले अब कांग्रेस, एमालेसहितका लोकतान्त्रिक दलहरूले आपसमा छलफल र बहस चलाएर समस्याको समाधान खोज्नै पर्दछ । सबै समस्याको समाधान छलफल र बहसबाटै हुने भएको हुनाले संविधानसभाको बैठक कसले बोलाउने, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन अहिले गर्ने कि संविधान निर्माण पछि भन्ने जस्ता विषयलाई उठाएर संविधान निर्माणको कामलाई अवरोध सिर्जना गर्नु किमार्थ उचित हुँदैन । ताजा जनादेशको हवाला दिँदै राष्ट्रपतिको चुनाव हुनुपर्छ भन्नु एमालेको शक्ति हत्याउने खेल बाहेक अन्य केही हुन सक्दैन । अहिलेको पहिलो आवश्यकता भनेको संविधान निर्माण गर्नु नै हो । राष्ट्रपतिले सरकार सञ्चालनमा कुनै हस्तक्षेप गर्न नसक्ने भएको हुनाले अब दलहरूले सबै समस्याको समाधानको लागि संविधानसभाको बैठक बोलाएर त्यहींबाट समस्याको समाधान खोज्नु नै उचित विकल्प हुन सक्छ ।

devendrachudal@gmail.com

# धिक्कार छ यिनीहरूलाई



■ अनिल योगी

भाँडिएको समाज र अधोगति लागेको देशको अवस्थाले एक सचेत नेपालीका लागि चिन्ताको बिषय हुनु अहिले मानसिक रोग जस्तै भएको छ । देशको राजनीतिक, सामाजिक र आर्थिक अवस्था राजनीतिक दलका नेताहरूले जानीजानी दिनप्रतिदिन बिगारिरहेका छन । हामी नेपालीहरू यिनै राजनीतिक दलका नेताहरूको एकता र मेलमिलापका आधारमा राष्ट्र र आफनो जीवनको सुन्दर भबिष्य खोजिरहेका छौं । यो हाम्रो बाध्यता पनि हो । दलका नेताहरूका क्रियाकलाप हेर्दा राष्ट्रको प्रगति र जनताको उत्थान हुने छनक पनि देखिएको छैन । संविधानसभाको निर्वाचन सकिएको महिनौं दिनसम्म सबै जसो राजनीतिक दल भित्र समानुपातिक सभासद् पदका लागि हानाथाप भएको देखियो । देशलाई सविधानबिहीन बनाउने राजनीतिक दलहरूले राष्ट्रलाई कानुनी राज्यका रूपमा रूपान्त्रण गर्ने काममा भन्दा पनि आफ्ना चम्चाहरूलाई सभासद् कसरी बनाउने भन्ने चिन्तामा रूमलिएको घटनाले फेरि पनि संबिधान बन्छ र नेताहरूले बनाउँदैछन् भन्ने कुरा विश्वास गर्ने आधार कमजोर बनिरहेको छ ।

प्रत्येक दिन हजारौं नेपाली युवायुवतीहरू रोजीरोटीका लागि मरूभूमिमा जाँदैछन् । भारतमा दर्वान र कुल्ली हुन जानेको यो राष्ट्रमा तथ्यांक राख्ने निकाय नै छैन । यो देशका शासकहरूको मज्जाले धिक्कार होस् भन्ने हो भने बैदेशिक रोजगारमा जानका लागि राहदानी बितरण गर्ने बिभागमा वा मेनपावरमा लाम लागेका नेपाली युवायुवतीहरूलाई हेर्न जानुपर्छ । अन्तर्राष्ट्रिय बिमानस्थलको तल मुल गेटमा बिमानस्थलतर्फ उक्लिदै गरेका ती निमुखा गरिब युवाहरूका अनुहार हेर्नुपर्छ । ती हृदयबिदारक दृश्य देखेको सचेत नेपालीले नेपालका राजनीतिक दलका नेताहरूलाई प्रजातन्त्रवादी हुन् भन्न सक्दैन । राष्ट्र र जनताको कल्याणका निमित्त राजनीति गर्दैछन् भनेर ईमानदारीपूर्वक भन्न पनि सक्दैन । यो देशलाई हरिकङ्गालहरूको देशका रूपमा रूपान्तरण गर्ने दलका नेताहरूबिरूद्ध प्रतिरोध गर्न नसकेर मुग्लानतर्फ जीवन खोज्न जाने नेपाली युवायुवतीहरू राष्ट्रको जनसंख्याको हिसाब गर्दा गणना गर्न सकिन्छ अन्यथा राष्ट्रको जीवनमा तिनीहरूको कुनै महत्व नहुने रहेछ । राष्ट्रको जीवनमा असहज अवस्था आएको बेलामा नेपालका नवजवान युवाहरूले आफ्नो जीवन र भबिष्य अन्यत्र खोज्न जानुपर्ने अवस्था सिर्जना गर्ने राजनीतिक दलका नेताहरूलाई देश र जनताप्रति ईमानदार छन् भनेर मान्न सकिदैन ।

बिगत संविधानसभाको निर्वाचनमा सहभागि गराएर सँगै लैजानु पर्ने राजनीतिक दलहरूलाई बाहिर राखेर निर्वाचनमा जाने नेपालका राजनीतिक दलहरूलाई उक्साउने केही बाह्य शक्तिहरूले अहिले ती दलहरूलाई समेत मिलाएर लैजान सीमापारिवाट सुझाव दिन थालेका छन् । प्रजातन्त्रको मूल्य मान्यता बिपरित सहमतिको नाममा जे पनि गर्ने दलका नेताहरूको प्रबृत्ति र त्यही प्रबृत्तिलाई बैद्धता दिने अन्तर्राष्ट्रिय समुदाय नेपालको राजनीतिमा असफल साबित भएको आजको यथार्थ हो । नेपालको राजनीतिमा कुनै विधि र प्रकृयाको कुरा भन्दा पनि मनपरि गर्दै जाने अराजनीतिक प्रबृत्तिले दलका नेताहरू देशभित्र बदनाम भइरहेका छन् । राष्ट्रको जीवनलाई प्रभावित गर्ने दलका नेताहरूको कार्यशैली देश कमजोर बन्नुको मुख्य कारण भएको बिषयमा मिहीन रूपमा अध्ययन गर्न सकिएको छैन । दलका नेताहरूबाट राजनीतिको नाममा राष्ट्रको अस्तित्वसँग सौदावाजी गर्ने कर्मलाई सहज रूपमा स्वीकार गर्नु नेपालका जनता र आफूलाई बौद्धिक ठान्नेहरूको अत्यन्तै ठूलो कमजोरी हो । नेताहरू आउँछन् जान्छन् तर राष्ट्र भनेको स्थायी कुरा हो । कुनै पनि बिचार वा वादको विद्वान नेताको असफलतासँग राष्ट्रको जीवन जोड्न मिल्दैन र हलुका ढङ्गले सोच्नु पनि हुँदैन भन्ने बिषयमा नेपाली समाजमा बहस हुन सकिरहेको छैन ।

आफनो धर्म संस्कृतिको रक्षा गर्दै राष्ट्रको जीवनमा महत्वपूर्ण भूमिका खेलेका संस्था र व्यक्तिहरूलाई जवर्जस्ती राष्ट्रिय राजनीतिमा भूमिकाबिहीन बनाएर बाह्यशक्तिका आड्मा दलका नेताहरू आत्मघाती बाटोमा जवर्जस्ती हिड्न खोजिरहेका छन् । एकथान संविधान निर्माण गर्नका लागि दलका नेताहरूबीच शालिन प्रकारको सम्वाद हुन सकिरहेको छैन । दलका नेताहरूले राष्ट्रलाई केन्द्रमा राखेर सोच्न सकिरहेका छैनन् । आ-आफ्ना अर्थहीन बिचारलाई महत्व दिने तर राष्ट्रको जीवनलाई गौण बिषय ठान्ने नेताहरूको बचपना बिचारले राष्ट्रको अवस्था दिनप्रतिदिन जर्जर बनिरहेको छ । बिगतका दिनमा राजनीतिक दलका नेताहरूले राष्ट्र र जनताप्रति गरेका जघन्य अपराधका बिषयमा छानबिन गर्ने र कानुनी राज्यको स्थापना गर्ने बिषयमा बहस गर्न नेपालीहरू लाज मानिरहेका छन् या त सकिरहेका छैनन् । राष्ट्र कमजोर बनिरहेको आजको अवस्थामा निर्णायक भूमिका खेल्न सक्ने समुदाय अत्यन्तै तुच्छ स्वार्थपूर्तिका लागि मौनता साँधेर बसिरहेको छ । २०४६ सालको जनआन्दोलनबाट देशमा दोस्रोपटक प्रजातन्त्र आइसकेको थियो र संस्थागत हुँदै गरेको अवस्थामा हिंसात्मक राजनीतिमा लागेको राजनीतिक शक्तिलाई राजनीतिको मूलधारमा ल्याउने नाममा त्यही चरित्र र बिचारका मानिसले सञ्चालन गर्ने व्यवस्थाको नाम परिवर्तन भएर लोकतन्त्र भन्न थालियो तर अरू कुनै पनि कुरामा परिवर्तन आएको छैन ।

मानिसका धन र जीवनको सुरक्षा हुन सक्ने राजनीतिक व्यवस्था स्थापना गर्न नसक्नेहरूले लोकतन्त्रको कुरा गर्नु मुर्खता हो भन्न सक्ने सचेत नागरिकको आज देशमा खाँचो भएको छ । निःस्वार्थ भावनाले राष्ट्र र जनताको प्रगतिको कुरा गर्नु मुर्खहरूको मात्र काम हो भन्ने सामाजिक धारणा बनेको छ । पहिला आफनो घर बनाऊ अनि मात्र तिमी देशको कुरा गर्ने हैसियत राख्न सक्छौं भन्ने विकृत बिचार जनतालाई पढाइएको छ । यस्तो जनधारणाले राष्ट्रको रक्षा र उत्थान कसरी हुन सक्छ ? देशमा असहज अवस्था आएको समयमा देशको चिन्ता गर्न नसक्ने र नचाहने त्यो नागरिक देशप्रति इमानदार कसरी बन्न सक्छ ? त्यस्तो अचेत नागरिकले आफूलाई नेपाल राष्ट्रको नागरिक हुनुमा गर्व गर्न सक्दैन । राज्यबाट अधिकार मात्र खोज्ने तर देशको उन्नती र प्रगतिका लागि एक मिनेट पनि चिन्तन मनन् नगर्ने प्रबृत्तिलाई त्याग्न नसक्ने नेपालीहरूले यो राष्ट्रको रक्षा गर्न सक्छन् भनेर कसरी पत्याउने ? हाम्रो जस्तो सुन्दर देश यो धर्तिमा कसैसँग छैन्, हामीसँग भएको साधनस्रोत अरू कुनै पनि राष्ट्रका जनतासँग छैन । हामी यसरी किन सबैभन्दा दरिद्र हुँदैछौं त भन्ने बिषयमा गहन रूपमा अध्ययन गर्नु र समाधानका उपाय खोज्नु आवश्यक ठानिएको छैन ।

यो राष्ट्रलाई दरिद्रहरूको देशका रूपमा विश्वमा बदनाम गराउने काम नेपालका राजनीतिक दलका नेताहरूले गरिरहेका छनर् । आफ्नो देशको प्रगति कुन राजनीतिक व्यवस्थाले गर्न सक्छ र कसरी गर्ने भन्ने कुराको बिवादमा निरन्तर अल्झिरहेका दलका नेताहरूले सहज राजनीतिक मार्गको अवलम्बन गर्न सक्ने अवस्था देखिएको छैन । राष्ट्रिय राजनीतिमा केटाकेटीको जस्तो झगडा गर्ने दलका नेताहरूको प्रबृत्तिको सर्वत्र आलोचना त भएको छ तर त्यो आलोचनाले उनीहरूलाई छुनेवाला छैन । दलका नेताहरूको प्रबृत्तिले राष्ट्रलाई घात गरिरहेको मात्र छैन जनतालाई अन्धकारको भुमरीमा पारिरहेको छ । यस्तो घतलाग्दो बिषयलाई अध्ययन मनन् नगर्ने र समाधानका निमित्त सामुहिक प्रयत्न नगर्ने हामी नेपालीको मानसिकता र राजनीतिक चिन्तन राष्ट्रको उन्नती र प्रगतिको मुख्य बाधक साबित भएको छ । प्रजातन्त्र वा लोकतन्त्र भन्ने खेल्ने व्यवस्था मात्र हो यसले जनताको जीवन र राष्ट्रको जीवनमा प्रगति गर्न सक्दैन भन्ने मान्यता जनमानसमा बिकास भइरहेको छ । हाम्रो समय बर्वाद भइरहेको छ । यस्तो हुनु भनेको राष्ट्र बर्वाद हुनु हो भन्ने कुराको चेत नेपालीलाई खुल्छ वा खुल्दैन आज सर्वत्र चिन्ताको बिषय बनेको छ ।

**प्रत्येक दिन हजारौं नेपाली युवायुवतीहरु रोजीरोटीका लागि मरुभूमिमा जादैछन् । भारतमा दर्वान र कुल्ली हुन जानेको यो राष्ट्मा तथ्यांक राख्ने निकाय नै छैन । यो देशका शासकहरुको मज्जाले धिक्कार होस् भन्ने हो भने बैदेशिक रोजगारमा जानका लागि राहदानी बितरण गर्ने बिभागमा वा मेनपावरमा लाम लागेका नेपाली युवायुवतीहरुलाई हेर्न जानुपर्छ । अन्तर्राष्ट्रिय बिमानस्थलको तल मुल गेटमा बिमानस्थलतर्फ उक्लिदै गरेका ती निमुखा गरिब युवाहरुका अनुहार हेर्नुपर्छ ।**

## विराटलक्ष्मीसँग खाँदबारी मर्ज हुने

विराटनगर/ विराटलक्ष्मी विकास बैंकको नवौं वार्षिक साधारणसभाले खाँदबारी डेभलपमेन्ट बैंकसँग मर्जर हुने प्रस्ताव पारित गरेको छ । साधारणसभामा बैंक सञ्चालक समितिका कार्यवाहक अध्यक्ष माधवप्रसाद कोइरालाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आव ०६९/०७० मा ३ अर्ब २५ करोड ६१ लाख १८ हजार निक्षेप संकलन र २ अर्ब ५६ करोड ४ लाख ११ हजार कर्जा तथा लगानी गरेको जानकारी दिएका थिए ।

बैंकले आव ०६९/७० मा ६ करोड ५१ लाख ८१ हजार खुद नाफा गरेको साधारणसभामा जानकारी दिइएको थियो । चालू आव ०७०/७१ असोज मसान्तसम्म बैंकले ३ अर्ब ३३ करोड ८५ लाख २७ हजार निक्षेप संकलन तथा २ अर्ब ४६ करोड ८१ लाख ३४ हजार कर्जा लगानी गरी १ करोड ४२ लाख ६४ हजार सञ्चालन मुनाफा गरेको कार्यकारी सञ्चालक प्रभुप्रसाद पराजुलीले बताए ।



# राजनीतिको नयाँ व्याकरण

**डम्बर खतिवडा**

केही दिनअघि सप्तरी सदरमुकाम राजविराजको कार्यक्रममा एकजना राष्ट्रिय दलका जिल्ला अध्यक्षले आफ्ना औपचारिक भनाइपछि मन्तव्यको अन्त्यतिर भने 'एउटा व्यक्तिगत प्रश्न राख्न चाहन्छु, मैले नभन्दा पनि हुन्थ्यो, पार्टी अनुशासनका हिसाबले भन्न नमिल्ने कुरा हो तर भन्छु, नेपालमा किन कोही अन्ना हजारे जन्मिएन ? को होला नेपालको केजरिवाल ? यदि कोही अन्ना हजारे, अरविन्द केजरिवाल बन्न आँट गर्नुहुन्छ भने म पार्टी छाडेर तपाईंहरूको साथ आउन तयार छु ।' ठूलो दलका जिल्ला अध्यक्षमा देखिएको यो मनोविज्ञानले नेपाली राजनीतिको 'फ्रस्टेसन' लाई नयाँ तहमा व्यक्त गर्छ । दक्षिण एसियाली लोकतन्त्रको संकुचन, गिरोहकरण र अझ निर्मम शब्दमा भन्दा माफियाकरणले जनमत निरन्तर आक्रोशित हुँदै गइरहेको छ । नेपालमा मात्र होइन, भारत, बंगलादेश, पाकिस्तान झनै आक्रान्त छन् यो समस्याबाट । ठीक यस्तै समस्या सन् १९९० को दशकमा ल्याटिन अमेरिकाली देशमा थियो । त्यसले एउटा आकार लिइसक्यो । भेनेजुयला, ब्राजिल, इक्वेडर, मेक्सिको, अर्जेन्टिना, बोलिभिया आदि देशमा राजनीतिको नयाँ अध्याय प्रारम्भ भइसकेको छ । ब्राजिलियन विश्लेषक जर्ज रोमानोका शब्दमा त्यहाँ 'राजनीतिको नयाँ व्याकरण' जन्मिसकेको छ ।

पाकिस्तानमा पूर्वक्रिकेट स्टार इमरान खान र भारतमा अरविन्द केजरिवालले त्यही नयाँ व्याकरणको दक्षिण एसियाली अनुवाद गर्न खोजिरहेका छन् । एक पाकिस्तानी विश्लेषकको भनाइमा 'पाकिस्तानी राजनीतिमा इमरानको उदय यहाँको सामन्ती लोकतन्त्रका विरूद्धमा नयाँ आशाको किरण हो, जसले लोकतन्त्रलाई जनस्तरमा विस्तार गर्ने अधिकतम प्रयास गरिरहेको छ ।' पाकिस्तानी प्रभाव दक्षिण एसियामा सीमित हुनु स्वाभाविक हुन्छ । तर, दिल्ली त्यसै पनि दक्षिण एसियाको राजधानीजस्तो छ । अरविन्द केजरिवालको प्रभाव इमरान खानको प्रभावभन्दा छिटो फैलिनु स्वाभाविक हुन्छ । भारतमा आम आदमी पार्टीको उदयबारे नेपालका आशालाग्दा युवा नेता गगन थापा र घनश्याम भुषालले जुन प्रतिक्रिया दिएका छन्, त्यसले काठमाडौंमा 'दिल्ली क्रान्ति' को प्रभाव अंकुरित हुन खोजेझैं लाग्छ । निःसन्देह नेपाली राजनीति नयाँ व्याकरणको खोजीमा छ ।

गतसाता मेरो एक अनलाइन टिप्पणीमा प्रतिक्रिया दिँदै एक पाठकले लेखे, 'एमाओवादी नै नेपालको आप' र 'प्रचण्ड नै नेपालका केजरिवाल' हुन् । यस्तो टिप्पणी आजभन्दा पाँच वर्षअघि आएको भए अलि पत्यारिलो हुन्थ्यो होला । बितेका पाँच वर्षमा नेपालका नदीमा जति पानी बग्यो, त्यसले फोहोरलाई बगाएर लैजानेभन्दा ल्याउने काम नै धेरै गऱ्यो । प्रचण्डको हातमा 'झाडु' थिएन फोहोर सफा गर्न, बरू 'सिउर निहुँरिएको बन्दुक' थियो, जसले मान्छेलाई या त तर्साउँथ्यो, या त प्रतिशोधको भावनाले व्याकुल बनाउँथ्यो । तथापि एकपटकलाई एमाओवादीलाई जनताले पत्याए । कांग्रेस-एमालेसँग जनता त्यसै पनि अघाएका थिए । त्यसको विकल्प हुँ भनेर आएका माओवादी र मधेसवादीले राजनीतिको कुँडाकर्कट बढार्ने होइन, बरू अझ धेरै थुपार्ने काम गरे । कांग्रेस-एमालेका नेता, कार्यकर्तालाई यो अनुभूति निकै गहिरो छ कि उनीहरूले यसपालि पाएको भोट उनीहरूको लोकप्रियताको भोट होइन, विकल्पहीनताको भोट हो । अन्यथा जिल्ला तहका नेताले आप र केजरिवालको आह्वान किन गर्थे ? राजविराज मधेस आन्दोलनको राजधानीमध्ये एक हो । तर, त्यही राजविराजलाई आज मधेसी दलप्रति खासै विश्वास छैन । राजविराज चोकमा 'गज्जुबाबु' को सालिक अहिले पनि छ । तर, मधेसी दलका कार्यालय भने सुनसानप्रायः छन् । उनीहरु निर्वाचनपछिको राजनीतिलाई अभिव्यक्त गर्न हिचकिचाइरहेका छन् । विजय गच्छदार, उपेन्द्र यादव, महन्थ ठाकुर वा राजेन्द्र महतोको भन्दा बढी चर्चा राजविराजमा अरविन्द केजरिवालकै भइरहेको छ ।

समानुपातिक सूची बुझाउने अन्तिम दिन साँझ एक मधेसी दलका कार्यकर्ता जो संविधानसभा निर्वाचनमा उम्मेदवार पनि थिए र अर्का मधेसी दलकै ठूला नेताबाट पराजित भएका थिए, ले मलाई फोन गरेर भने, 'एउटा निर्वाचन क्षेत्रमा चुनाव लड्न एक करोड चाहिने भयो, त्यसको विकल्प समानुपातिक निर्वाचन प्रणाली होला भनेको त झनै भाँडभैलो देखियो । नेपाली राजनीतिको परिदृश्य हेर्दा दिक्दार लागेर आउँछ, के यसको कुनै विकल्प हुन सक्छ ?' संसारमा विकल्पहीन कुरा केही छैन । विकल्प खोज्ने इच्छाशक्ति, आँट र जाँगर हुनुपर्छ । समानुपातिक सूचीको प्रस्तुतिपछि देशका सबै दलका अनुशासनका जुइना चड्याङचुडुङ भएका छन् । नेपाली राजनीतिमा पदको लोभ र पदका लागि गर्न सकिने षड्यन्त्रको विस्तार कति धेरै रहेछ भन्ने यसले पुष्टि गरेको छ । वस्तुतः यो पनि लोकतान्त्रिक प्रणाली र संस्कृतिप्रतिको प्रतिबद्धता अभावमा सिर्जित समस्या हो । प्राथमिकताक्रमअनुरूपको सूची प्रणाली कायम गर्न दल र तिनका नेता सुरूदेखि नै अनिच्छुक थिए । कुनै पनि पार्टीका केन्द्रीय कमिटीले सभासद् छनोटको अधिकार प्रयोग गरेनन् । उनीहरूले त्यो अधिकार पार्टी अध्यक्ष, पोलिटब्युरो, सचिवालय, कार्यालय आदि उपल्ला पार्टी संरचनालाई जिम्मा दिए । नेपालका राजनीतिक दलका केन्द्रीय कमिटीमा नै आफ्नो क्षेत्राधिकार, कर्तव्य र दायित्वप्रतिको सचेतना र आत्मविश्वास रहेनछ । अन्तरपार्टी लोकतन्त्रको अभावले लोकतन्त्रलाई गिरोहकरण गर्नु स्वाभाविक नै हुन्छ ।

नेपालमा विद्यमान राजनीतिक विकृति र विसंगतिको चर्चा गर्नु नै अब बेकार छ जस्तो लाग्छ । स्थितिको चित्रण गर्नु अब कुनै बहादुरीको काम रहेन । बहादुरी गर्ने हो भने वैकल्पिक नीति, सिद्धान्त, कार्यक्रम, नेतृत्व र आन्दोलन निर्माण गर्न आवश्यक भइसकेको छ । तर, त्यो काम हचुवापन र आवेशका भरमा हुनेछैन । समानुपातिक सूचीमा नपरेको झोकमा 'आप' जन्माउने ध्वाँस दिनु सुविचारित राजनीति दृष्टिकोण होइन । कुनै पनि नयाँ आन्दोलनले केही समर्पित अभियन्ताको माग गर्छ । ती मानिस पुराना सम्बन्धलाई निर्ममतापूर्वक तोडेर अगाडि आउनुपर्छ । राजनीतिको नयाँ व्याकरण लेख्नु कुनै सजिलो काम होइन । त्यसका लागि 'प्रेमपूर्ण प्रतिशोध' को नयाँ संस्कृति निर्माण गर्नुपर्ने हुन्छ । सत्ता फेर्ने क्रान्ति २१औं शताब्दीका आँखामा क्रान्तिजस्तो नलागेर सत्ता परिवर्तनजस्तो मात्र देखिनेछ । अबको क्रान्ति सोच, संस्कार र संस्कृति फेर्ने हुनुपर्छ ।

भर्खरै अवसान भएका अश्वेत मुक्तियोद्धा नेल्सन मान्डेलाका अनुभव र 'दिल्ली क्रान्ति' दुवैले नवगान्धीवादलाई प्रवर्द्धन गरेका छन् । अबको क्रान्ति हिंसात्मक क्रान्ति हुनै सक्दैन । हिंसात्मक क्रान्तिमा विश्वास गरेकै कारण माओवादी आन्दोलन यति छिटै पतनउन्मुख भएको हो । सन् १९५० यता एउटा पनि त्यस्तो हिंसात्मक क्रान्ति संसारमा भेटिँदैन, जसले मानव समाजलाई लोकतान्त्रिक गन्तव्यतिर अभिमुख गराएको होस् । विशेषतः वैद्य माओवादीले यो पक्षमा ध्यान दिनैपर्छ । प्रचण्ड-बाबुरामको रिसले आफूभित्रको असीमित ऊर्जालाई खेर जाने बाटोमा खर्च गर्नु हुँदैन नेकपा-माओवादीले । बरू त्यसलाई एउटा नयाँ र रचनात्मक आन्दोलनका पक्षमा प्रयोग गर्न जरूरी छ । अबका आन्दोलन जबर्जस्ती बन्द, हडताल र तोडफोडकेन्द्रित हुनु हुँदैन । वैकल्पिक मार्गको सघन बहस, बृहत्तर नागरिक जागरण र नागरिकभित्र अन्तर्निहित सार्वभौम चेतनाको विस्फोटन नै अबको क्रान्तिको कार्यदिशा हो ।

लोकतन्त्रलाई स्थापित गर्नेभन्दा पुनर्लोकतान्त्रीकरण (रिडेमोक्र्याटाइजेसन) गर्ने आन्दोलन झनै घुमाउरो र झन्झटिलो हुन्छ । लोकतन्त्रको आन्दोलन परिवारवाद, राजतन्त्र, एकदलीय साम्यवाद, सैनिक तानाशाहीजस्ता राजनीतिक व्यवस्थाविरूद्धको सीधा संघर्ष हो । त्यो समष्टिगत हुन्छ । प्रस्ट र प्रत्यक्ष हुन्छ । तर, पुनर्लोकतान्त्रीकरणको आन्दोलन सूक्ष्मतर हुन्छ । हरेक समष्टिभन्दा व्यष्टिमा बढी शक्ति हुन्छ, जस्तो कि अणुभन्दा परमाणु शक्ति झनै सूक्ष्मतर र शक्तिशाली छ । पुनर्लोकतान्त्रीकरणको आन्दोलनमा कुनै तानाशाही व्यवस्थाविरूद्ध होइन, लोकतन्त्रका विकृतिविरूद्ध लड्नुपर्ने हुन्छ । पद्धतिहीनता र अभिजातीय हितका लागि पद्धतिको दुरूपयोगविरूद्ध लड्नुपर्ने हुन्छ । दलीय संगठनका जडताविरूद्ध लड्नुपर्ने हुन्छ । आधुनिक राज्यका महत्त्वपूर्ण अंग सरकारयन्त्र, (पार्टी र राज्य ब्युरोक्र्यासी), बजारतन्त्र, बौद्धिकवृत्त, नागरिक समाज र मिडियाबीच अभिजातीय गठजोडबाट लोकतन्त्रलाई संकुचित गर्ने निहित उद्देश्यविरूद्धको आन्दोलन नै पुनर्लोकतान्त्रिक आन्दोलनको गन्तव्य हो । पार्टीकरण नभएको सार्वभौम र सक्रिय नागरिक, मातृपार्टी भावनाभन्दा माथि उठेको बौद्धिकवृत्त, लोककल्याणका लागि केही गर्न चाहने 'इन्लाइटेन्ट' मध्यमवर्ग, 'इथिक्स' आधारित व्यावसायिक प्रतिस्पर्धामा विश्वास गर्ने उद्यमी, व्यक्तिगत तथा पुस्तागत भविष्यका लागि संस्थागत सुधारको प्रत्यक्ष सम्बन्ध देख्ने युवा विद्यार्थी, युगअनुकूलको स्वतन्त्र विवेकमा विश्वास गर्ने नागरिक अगुवा, वास्तविक सूचनाशक्तिमा व्यावसायिक भविष्य देख्ने मिडिया पुनर्लोकतान्त्रीकरण आन्दोलनका मुख्य शक्ति हुन् । आजसम्म विश्वराजनीतिमा जति पनि नयाँ व्याकरण लेखिएका छन, यस्तै आन्दोलनबाट लेखिएका छन् । नेपालको राजनीति पनि बिस्तारै त्यतैतिर अभिमुख हुन लागेको प्रतीत हुन्छ ।

# ढुंगा-गिट्टीमा जिविसको ठेक्का लागेन

इलाम । निजी जग्गाले छोएको खोलाबाट ढुंगा, गिट्टी र बालुवा कब्जा गरी स्थानीयले बेच्न थालेपछि जिल्ला विकास समिति इलामले संकलन गर्ने कर ठेक्का प्रभावित भएको छ । आर्थिक वर्षको ६ महिना बितिसक्दासमेत ठेक्का नलागेपछि जिविसले प्राप्त गर्ने आन्तरिक आय घट्ने देखिएको छ ।

खोलासँग सीमा जोडिएका क्षेत्रका जग्गाधनीले ढुंगा, गिट्टी र बालुवा कब्जामा लिएर बिक्री गर्दै आएका छन् । आफ्नो क्षेत्र पर्ने भन्दै खोलामै सिमाना लगाएर नजिक जग्गा भएकाले ढुंगा, गिट्टी र बालुवा बिक्री गर्दै आएका हुन् । सिमाना लगाएको क्षेत्रबाट सम्बन्धित गाविसका स्थानीयले बाहिरकालाई ढुंगा, गिट्टी र बालुवा संकलन गर्न दिँदैनन् ।

जिविसले मात्रै ढुंगा, गिट्टी र बालुवा निकासी कर लिन पाउने भए पनि अवैध रूपमा स्थानीयले ढुंगा, गिटी र बालुवा बिक्री गरिरहँदा सम्बन्धित निकाय बेखबर बनेको छ । खोला नै कब्जा गरेर ढुंगा, गिट्टी र बालुबा बिक्री हुने गरेको विषय कार्यालयलाई जानकारी नभएको योजना तथा प्रशासकीय अधिकृत प्रवीण ढकालले जानकारी दिए । खोलामा भएका ढुंगा, गिट्टी र बालुवा कब्जा लिएर बिक्री गर्दा केही ठाउँमा स्थानीयबीच झगडा हुने गरेको छ । केही समयअघि एक महिलाले कुटाइ खाएको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन् । इलामको माईखोलामा ढुंगा, गिट्टी र बालुवा निकाल्ने विषयमा स्थानीयबीच झगडा हुँदै आएको इलामका प्रहरी नायब उपरीक्षक भीमबहादुर दाहालले बताए । प्रहरीले दुवै पक्षलाई मिलाउन छलफल गरे पनि निष्कर्षमा पुग्न नसकिएको उनको भनाइ छ । 'स्थानीयले नै ढुंगा, गिट्टी र बालुवा निकालेर बिक्री गरेको पाइएकाले त्यसको जानकारी जिविसलाई दिन्छौं,' प्रनाउ दाहालले भने, 'जिविसले नै समस्या समाधान गर्नुपर्छ ।'

माईखोलामा मात्रै ढुंगा, गिट्टी र बालुवा निकाल्ने पक्ष र त्यसको विरोध गर्नेबीच पटक-पटक झगडा हुने गरेको स्थानीय बताउँछन् । माईखोलाको क्षेत्र पर्ने गोदकको १, ३, ४, ५ र ७ नम्बर वडामा जग्गाधनीले खोलाका गिट्टी, ढुंगा र बालुवा कब्जा गरी बिक्री गरिरहेको स्थानीयको भनाइ छ । बर्खामा जम्मा भएका ढुंगा, गिट्टी र बालुवा स्थानीयले एकमुष्ठ बेच्ने गरेको जिविसले जनाएको छ । २५ हजारदेखि एक लाख रूपैयाँसम्म लिएर खोलाको बालुवा छेउका जग्गावालाले बिक्री गर्दै आएको दाबी जिविसको छ ।

ठेक्का लगाउन नसकेपछि जिविसले गाविसलाई आफ्नो सीमाभित्र पर्ने खोलाबाट निकालिने ढुंगा, गिट्टी र बालुवा रकम संकलन गर्न पत्राचार गरेको थियो । धेरै ठाउँमा नै यस्ता वस्तु बेचिने भएकाले रकम संकलन गर्न भने सकिएको छैन ।

स्थानीयले खोला कब्जा गरेकाले गाविस कार्यालयले रकम उठाउन नसकेको गोदकका गाविससचिव घनश्याम महतले जानकारी दिए ।


घरभित्रका फोहरमैला सडक, चोक वा गल्लीमा जथाभावी नफालौं ।
फोहरमैलालाई तोकिएकै स्थानमा फालेर सहर सरसफाइ गर्ने कार्यमा सहयोग गरौं ।

काठमाडौं महानगरपालिका



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको सूचना

आर्थिक वर्ष २०७० /७१ आयकरको प्रथम किस्ता बुझाउनु भयो ?

.......................... अब थोरै दिन मात्र बाँकी छ ।

आर्थिक वर्ष २०७० /७१ को कारोबारको आयमा तिर्नुपर्ने प्रथम किस्ताको आयकर बापतको ४० प्रतिशत रकम यही २०७० पौष मसान्तभित्रै ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा ब्याजबाट बचौं ।

"उच्च व्यावसायिक नैतिकताको सम्मान, करदातामैत्री कर प्रशासनको अभियान"

## व्यावसायिक केराखेती

# रोजगारीको भरपर्दो विकल्प

**प्रा.डा.दुर्गामणि गौतम**

केरा एकप्रकारको बहु उपयोगी फल बाली हो । केराका फललाई काचै अवस्थामा तरकारी अचारको रुपमा र पाकेका फललाई त्यत्तिकै खानमा प्रयोग गरिन्छ । केराका फलबाट स्टार्च, बेसन, रक्सी, जाम चिप्स, कपान्डी आदि परिकारहरु बनाउन सकिन्छ । केराको रेसाबाट फिलिपिन्समा उच्च स्तरीय कपडा तैयार पारिन्छ । नेपालमा पनि केराका रेसाबाट खेलौना, झोला, टोपी आदि बनाइन्छ । कतैकतै अफ्रिकी देशहरुमा केरा बालीलाई मुख्य खाद्यान्य बालीका रुपमा प्रयोग गरेको पाइन्छ । नेपालका तराई, भित्री मधेश र पहाडमा पनि १६०० मिटरको उचाईसम्म केरा खेती गरेको पाइन्छ । बढी आद्रता हुने तराई बेसी, भित्री मधेश नदीका छेउ किनार र बेसी टारमा व्यवसायिक रुपमा केरा खेती गरेमा राम्रो सफलता पाउन सकिन्छ । बलौटे दोमट माटो केरा खेतीको लागि उत्तम मानिन्छ

नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराई, भित्री मधेश, नदीका छेउ छाउमा र पहाडी ईलाकामा पनि गरम र चिस्यान हुने ठाउँहरुमा केराको खेती सफलताका साथ गर्न सकिन्छ । नेपालमा लगाइने केराका जातहरुमा, विलियम हाईब्रिड, अष्टेलियन हाइब्रिड ,झापाली मालभोग, हरिछाल, स्थानीय मालभोग धुस्रे, मुंग्रे आदि पर्दछन् । छोटो अवधिमा उत्पादन दिने भएको कारणले विलियम हाईब्रिड र झापाली मालभोग व्यवसायिक खेतीको लागि लोकप्रिय भएका छन् र व्यवसायीक केरा खेतीको ८०-९० प्रतिशत भाग यिनै जातले ढाकेको छ । चितवनको जस्तो हावापानी भएको ठाउँमा यी जातका केरालाई माघको तेस्रो सातापछि फाल्गुन १५ सम्म लगाएमा श्रावण-भाद्र पछि केरा पसाई असोज-कार्तिक पछि फल तयार हुन्छ । ढिलो गरी लगाएमा, कम उमेरको बिरुवा लगाएमा वा उपयुक्त वातावरण हुन नसकेको कारणले गर्दा असोज देखि माघसम्मको समयमा प्रशस्त मात्रामा फल उत्पादन हुन गई बजारको समेत समस्या हुन्छ । दशै-तिहार पछि जाडोयाममा फल उत्पादन भएमा बजार गर्न समस्या हुन्छ र उचित मूल्य पाउन सकिदैन । काठमाण्डौंको बजार अध्ययन गर्दा कार्तिक देखि माघ-फाल्गुन सम्म नेपालबाटै प्रशस्त मात्रामा बजारमा केरा आउने र बाँकी समयमा भारतबाट केरा आउने गरेको पाइन्छ । केराको खपत गर्मी महिनामा बढी हुने हुँदा लगभग ८० प्रतिशत कूल बजारको माग आयातित केराबाट हुने गर्दछ । यो लेखमा केरा उत्पादनका केही समस्यालाई विश्लेषण गरी समाधानका तरिकाहरु वर्णन गरिएको छ ।

सिजनल उत्पादनः विलियम हाईब्रिड, झापाली मालभोग र अष्ट्रेलियन हाईब्रिड जातका केराहरुमा साधारणतया भाद्र-असोज पछि मात्र राम्रो फल उत्पादन हुन्छ । लगाउने कोथाको छनौट गरेर लगाउने समय परिवर्तन गरेर र व्यवस्थापन गरेर केही समय अघि पछि गर्न सकिन्छ तर फाल्गुण देखि आषाढसम्म राम्रो फल उत्पादन गर्न सकिदैन । जाडोयाममा चिसो र सुख्खाको कारणले गर्दा बोट तथा फलको बृद्धि रोकिन्छ । पातहरु सुक्ने ओईलाउने हुन्छन् तसर्थ जाडोमा र जाडो पछिको गर्मीमा पसाएका केरामा फूल उत्पादन राम्रो हुँदैन । केरामा विभिन्न जातहरु लगाएर बाली व्यवस्थापन गरेमा बर्षैभरी केरा उत्पादन गर्न सकिन्छ । सामान्यतयाः तराई र भित्री मधेशमा राम्रो व्यवस्थापन भएमा कोथाको उमेर सहित १ वर्षमा विलियम हाईब्रिड, झापाली मालभोग, अष्ट्रेलियन हाईब्रिड, हरिछाल १५-२० महिनामा स्थानीय मालभोगे र चिनिचम्पा १८ देखि २४ महिनामा रोवुस्टा जातमा फल उत्पादन हुने गर्दछ । कम तापक्रम हुने ठाउँमा केही बढी समय लाग्छ । तसर्थ बार्षिक क्यालेन्डर बनाएर बजारको माग अनुसार केरा उत्पादन गर्ने हो भने निम्न अनुसार केरा प्रसारण गर्नुपर्दछ ।

बाली तथा मल व्यवस्थापन, लगाउने गानाको उमेर अवस्था, लगाउने तरिका सकर व्यवस्थापनले फल उत्पादनको समयमा केही हेरफेर हुन सक्दछ । केराका लगाउने सकर छनौट गर्दा श्रावण-भाद्रमा निस्केका तरबोट सकभर छनौट गर्नुपर्दछ । विलियम हाईब्रिड, अष्ट्रेलियन हाईब्रिड र झापाली मालभोग लाई फाल्गुन पछि ढिलो गरी लगाएमा जाडोमा पसाउने र चिसोको कारणले गर्दा फल उत्पादन राम्रो हुँदैन ।

केरा लगाउने तरिकाः नेपालका विभिन्न ठाउँहरु व्यवसायिक केरा खेती गर्ने कृषकहरुले १.५ देखि २/१.५ देखि २ मिटरको दुरीमा घना खेती गर्ने गरेको पाईएको छ । यसरी केरा लगाउँदा चौथो बर्षपछि रोग किराको बढी प्रकोप हुने र उत्पादन र फलको गुणस्तरमा ह्रास आउने गरेको पाइएको छ । केरा खन्दुवा बाली हो । ५० टन फल उत्पादन हुँदा १०० किलोग्राम नाईट्रोजन, ११ किलो ग्राम फस्फोरस र २५० ग्राम पोटास खिंचेर लैजान्छ । यसको साथसाथै माटोमा रहेका विभिन्न सुक्ष्म तत्वहरु जस्तै क्यालिसयम, म्याग्नेसियम जस्ता, तामा, बोरन, म्याङगानिस र मोलिब्डेनम पनि यथेष्ट मात्रामा सोसेर लैजान्छ । यसै कारणले गर्दा प्राङगारिक पदार्थ कम भएको ठाउँमा अर्थात् प्राङगारिक पदार्थको प्रयोग नगरेको अवस्थामा माटोमा भएको तत्वहरुको सन्तुलन बिग्रन गई ४ वर्षपछि उत्पादनमा ह्रास हुन जान्छ । बाक्लो गरी केरा लगाइएको ठाउँमा नयाँ बिरुवाहरु सलक्क माथितिर बढ्ने र थाम मसिनो हुन जान्छ । जसले गर्दा बोट कमजोर हुने र हावा हुरी आउँदा सजिलैसँग बोट ढल्ने गर्दछ । तसर्थ यस प्रकार घना खेती गरिएको ठाउँमा ४-५ बर्ष पछि बाली लिन उपयुक्त हुँदैन । एक दुई बर्ष अन्य बाली लगाएर फेरी केरा खेती गर्न सकिन्छ । यदि दीर्घकालसम्म केरा खेती गर्ने योजना गर्ने हो भने केरालाई बढी दुरीमा लगाएर व्यवस्थित रुपमा मलखाद तत्व उपलब्ध गराएमा एउटै बगैचामा ४०-५० वर्षसम्म पनि केरा खेती गर्न सकिन्छ । यसको निमित्त केरालाई लगाउँदा दुई लाईन पद्दतिमा लगाउने । दुई लाईन पद्दतिमा दुईलाईन १ देखि २ मिटरको दुरीमा लगाउने र ४ मिटर जग्गा छाडेर फेरी २ लाईन लगाउने र यसै क्रमले पूरा बगैचा लगाउने । बिरुवा लगाउँदा एउटै लाईनमा २/२ वटा बिरुवा (५० से.मी. दुरीमा) लाई एकै ठाउँमा लगाएर अर्थात् बिरुवा देखि बिरुवाको दुरी घटाएर लगाउन सकिन्छ । लाईन बनाएर लगाउँदा भित्रसम्म पनि प्रकाश जाओस् भन्ने हेतुले उत्तर दक्षिण गरेर लाईन बनाउनुपर्दछ । सकभर दुई लाईन बनाउँदा एक आपसमा बोट आमने सामने नपर्ने गरि अन्तर गरेर त्रिकोण पद्धति अपनाइ लगाउन बढी उपयुक्त हुन्छ । यसरी बगैचा व्यवस्था गर्दा पनि घना खेतीमा जत्तिकै बोट लगाउन सकिन्छ । बीचमा अन्तरबाली लिन, ट्याक्टर लगाएर खनजोत गर्न सिंचाई गर्न, झार नियन्त्रण गर्न, फल उत्पादन लिन, सजिलो र सस्तो पर्नुका साथै फलको गुणस्तर पनि उच्चस्तरको हुने गर्दछ । ४-५ वर्षपछि पुरै लाईनलाई हटाएर बीचको खाली ४ मिटर जग्गामा नयाँ लाईन कायम गर्न पनि उपयुक्त हुन्छ । यसरी लाईनमा लगाइएका केरालाई थोपा सिंचाई पद्धति अपनाएर पानीमै मलखाद र तत्वहरु मिसाएर दिएमा बढी प्रभावकारी हुन जान्छ । केरालाई गाँज-गाँज पद्धति अपनाएर पनि खेती गर्न सकिन्छ । एउटै गाँजमा विभिन्न उमेर अवस्थाका गरी १२-१५ वटा बिरुवा कायम गर्न सकिन्छ । गाँज गरेर लगाउँदा पनि लाईन बनाएर गाँजहरु कायम गरी दुई लाईनको दुरी ४-६ मिटर कायम गर्नुपर्दछ ।

केराको बगैचाभित्र प्रकाश (घाम) पर्नु आवश्यक हुन्छ । त्यसकारण धेरै जग्गामा केरा खेती गर्दा घना गरेर केरा लगाउनु उपयुक्त हुँदैन । केरालाई प्रसारण गर्दा तरवारे सकरलाई जमिन सरहको भागबाटनै काटेर माथिको भागलाई छुटाउनु पर्दछ र गानोलाई मात्र प्रसारण गर्न उपयुक्त हुन्छ । गानाहरु समान आकारका भएमा बगैचामा सबै बोटहरु एकनासका हुन्छन् र एकैपटक फल उत्पादन हुन्छ ।



मलखाद र सिंचाईः केराको बिरुवालाई प्रशस्त मात्रामा मलखादको आवश्यकता पर्दछ । अर्गानिक उत्पादन गर्नको लागि खाद्य तत्वहरु प्रांगारिक मल, गोठेमल, कुखुराको सुली, बाखाको मल, कम्पोष्ट, पिना आदिको मात्रा प्रयोग गर्नुपर्दछ । एउटा केराको बोटलाई सामान्यतयाः १५० देखि २५० ग्राम नाईट्रोजन, १००-१५० ग्राम फस्फोरस र १५० देखि २५० ग्राम पोटास तत्व प्रयोग गर्नुपर्दछ । ढिला गरी धेरै उत्पादन दिने रोवुस्टा जातमा यो मात्रालाई डबल गरेर हाल्नुपर्दछ । नाईट्रोजन सुरुमा डि.ए.पी. र बिरुवा लगाई सकेपछि युरियाबाट प्रयोग गर्न सकिन्छ । युरियामा ४६ प्रतिशत नाईट्रोजन, डि.ए.पी.मा १८ प्रतिशत नाईट्रोजन र ४६ प्रतिशत फस्फोरस म्युरेट अफ पोटासमा ६० प्रतिशत पोटास तत्व पाईने हुँदा हिसाव गरेर हाल्नुपर्दछ । नाईट्रोजन तत्व हावामा उडेर जाने, जमिनमा चुहेर जाने हुँदा २-३ पटक गरेर हाल्नुपर्दछ भने डि.ए.पी. र पोटासलाई सुरुमा राख्नुपर्दछ वा २ पटक गरेर राख्न पनि सकिन्छ । मल राखे पछि चिस्यानको आवश्यकता पर्ने हुँदा सिचाई गर्नुपर्दछ । सुख्खा गर्मी र बढी चिसो अवस्थामा मलको प्रयोग गर्नु उपयुक्त हुँदैन । शुक्ष्म तत्वहरुको अभाव हुने अवस्था भएमा शुक्ष्म तत्वहरुको मिश्रण १०-१५ ग्राम प्रतिबोटको दरले हाल्नुपर्दछ । केराको बिरुवाको बृद्धि र विकासको लागि प्रशस्त मात्रामा पानीको आवश्यकता पर्दछ भने पानी जम्ने अवस्था भएमा केरामा रोगको प्रकोप हुने र एकैपटक सबै बगैचा ओइलाएर नष्ट हुन्छ । नाईट्रोजन तत्व कमी भएमा बिरुवा ढिलो बढ्ने, पातको आकार सानो हुने, कोथाहरुको संख्यामा पनि कम मात्रामा हुने हुन्छ भने नाईट्रोजन बढी भएमा केराको बोट कमजोर हुने, बोट ढल्ने, फलको गुणस्तर कमसल खालको हुनुका साथै रोग अवरोध गर्ने क्षमता पनि कम हुन्छ । त्यस्तै गरी फस्फोरस तत्व कमी भएमा बिरुवा ढिलो बढ्ने र बढी भएमा कोशाहरु बाँङ्गिने बटारिने गर्दछ । पोटास तत्व कमी भएमा बिरुवा कमजोर हुने, रोग र किराको प्रकोप बढी हुने, कोशाको संख्या कम लाग्ने, हाताहरु टाढा टाढा लाग्ने कोसाको आकार सानो र कोसाहरु कमजोर भई फुट्ने र सजिलै भाँचिने हुन्छन् । पोटास मलको प्रयोगले बोट बलियो हुन्छ । रोग अवरोध गर्ने क्षमता बढ्छ, प्रशस्त कोशाहरु लाग्दछन् । कोशाहरुको गुणस्तर राम्रो हुन्छ र कोशाहरुको भण्डारण र क्षमता बढी हुन्छ । शुक्ष्म तत्वहरु मध्ये म्याग्नेसियम तथा फलाम कमी भएमा पातको रंग गाढा हरियो नभई पोषण तत्व नपुगे जस्तो हुन्छ । जस्ता, वोरन, म्याग्नेसियम, म्याग्निज कम भएमा बिरुवाको वृद्धि रोकिने, पातहरु साना र गुजुमुजु हुने र वन्ची टप जस्तो समस्या बढी हुन्छ । डबल लाईन पद्धतिमा हरियो मल, कोषेबाली लगाएमा माटोको गुणस्तर कायम राख्न मद्दत पुग्दछ ।

बगैचा व्यवस्थापनः केराको बगैचालाई सफा सुग्घर र झारमुक्त राख्नुपर्दछ । लत्रेका, पहेला र रोग लागेका पातहरुलाई हटाई रहनुपर्दछ । पातहरु हटाउँदा माथिल्लो पातलाई बोटमै करिब आधा फिट जति डाँठ छाडेर छुटाउनु पर्दछ । यदि फेदबाट हटाएमा छिटैनै अर्को पात भाँचिने गर्दछ । कोथाहरुले माउ बोटसँग खाद्यतत्वको लागि प्रतिस्पर्धा गर्ने हुँदा कोथाहरुलाई समय समयमा जमिनको सतहबाट नै काटेर हटाउनुपर्ने हुन्छ । केराको फल उत्पादन लिएपछि मात्र छनौट गरिएका कोथाहरुलाई बढ्न दिनुपर्दछ । केराको फल लागिरहेको बेला कोथाहरु निकाल्नु हुँदैन । फल उत्पादन लिएपछि मात्र कोथाहरु छनौट गरी हटाउनु पर्दछ । केरा पसाएको बेलामा कोथाहरु निकाल्दा जराहरु खलबलिन गई जमिनबाट खाद्यतत्व लिनमा अवरोध हुने भई उत्पादन कम हुनुका साथै बोटहरु ढल्ने समस्या हुन जान्छ । केरा पसाईसकेपछि बुटोलाई ६-७ से.मी. डाँठ छोडेर काटेर हटाउनु पर्दछ । बुटाको बोटमा कुनै उपयोगिता नहुने र उल्टै यसले खाद्य पदार्थ खपत गर्ने हुँदा फल उत्पादनमा नकारात्मक असर गर्दछ । फलका टुप्पामा रहेका काला, सुकेका फूलका भागलाई नरम ब्रसले अर्थात हातले नै मसारेर हटाउनु पर्दछ । बढी हावाहुरी चल्ने ठाउँमा बढी उत्पादन हुने जातहरुमा अनिवार्य रुपमा टेका लगाउनु पर्दछ । नत्रभने केरा ढल्ने समस्या हुन्छ । लाईनमा लगाएको केरालाई माथिबाट तार टाँगेर त्यसमा बाँधेर पनि ढल्नबाट बचाउन सकिन्छ । हावा आउने ठाउँतिर ठूला वृक्ष ९ध्ष्लम दचभबपक० लगाएर पनि हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ । कम उत्पादन दिने होचा जातहरुमा माटोको उकेरा दिएर पनि ढल्न कम गर्न सकिन्छ । केराको बगैचामा तत्वहरुको ह्रास हुन नदिन बीचको खाली भागमा हरियो मल, तिल र दलहन जातका केरासँग प्रतिस्पर्धा नगर्ने खालका बालीहरुको उत्पादन लिन उपयुक्त हुन्छ ।

बाली उत्पादनः केरा पसाएपछि फल परिपक्व हुन लाग्ने समय हावापानी र तापक्रममा भर पर्दछ । गर्मी महिनामा पसाएको २ महिनामै केरा उत्पादन लिन तैयार हुन्छ भने जाडो समयमा ४-५ महिना लाग्दछ । केरालाई कोसाहरु पुष्ट भएपछि बाली उत्पादन लिनुपर्दछ । बढी समय बगैचामा रहन दिएमा फलहरु फुट्ने समस्या हुन्छ र बढी छिप्पिएका फलहरु ढुवानी गर्दा टुटफुट र क्षति पनि बढी हुन्छ । बिहानमा केरा उत्पादन लिदाँ बढी चोप निस्कने, फल टुटफुट बढी हुने हुँदा मध्यान्ह पछि उत्पादन लिनु राम्रो हुन्छ । केराको घरि काट्दा सुख्खा मौसममा केराको बोटलाई आधा काटेर आधाभाग त्यतिकै बगैचामा छाडेमा पुरानो बोटले नयाँ बोटलाई तत्व एवं पानी उपलब्ध गराउने हुदाँ नयाँ बिरुवाको बृद्धि राम्रो हुन्छ । तर बर्षायाममा भने पुरानो बोटलाई फेदैबाट हटाउनु पर्दछ किनकी पुरानो थुम्बाले गवारो किरालाई आश्रय दिनुका साथै रोगको प्रकोप पनि बढी हुन्छ । फल उत्पादन लिंदा फलमा घाउचोट लाग्नु हुँदैन । सानोतिना घाउचोट सुरुमा नदेखिए पनि केरा पाक्ने बेलामा देखिने, चाडै पाक्न र कुहिनमा मद्दत पुऱ्याउने हुन्छ । घाउचोट लागेको केरालाई भण्डारण गरेर राख्न वा टाढासम्म ढुवानी गर्न ९म्हउयचतं० समस्या हुन्छ ।

उपचार, भण्डारण र ढुवानीः यदि केरालाई अरु देशमा पैठारी गर्ने हो भने अर्थात् राम्रो व्यवस्थापनले बजार गर्नुपर्ने हो भने फलहरुलाई ग्रेडि गरेर ठूला साना फलहरुलाई अलग-अलग गर्नु पर्दछ । निर्यात गरिने फलहरुलाई काट्नासाथ बेनोमाईल नाम औषधिले उपचार गरेर सफा गरी ओवानो गराएर ५-१० के.जी.का प्याकहरु बनाउनु पर्दछ । केरालाई १३०अ भन्दा कम तापक्रममा भण्डारण गर्न सकिदैन । साधारणतया १३-१५०अ को तापक्रममा केरालाई भण्डारण र ढुवानी गर्नुपर्दछ ।

फल पकाउनेः केरा सामान्यतयाः २५० से.ग्रे. भन्दा बढी तापक्रममा आफै पाक्दछ । जाडो मौसममा र ठण्डा तापक्रममा केरा आफै नपाक्ने हुदाँ पकाउनु पर्ने हुन्छ । बजारमा क्यालिसयम कार्बोहाइडेड प्रयोग गरेर केरा पकाउने गरेको पाईन्छ । यो रसायन विषालु हुने हुँदा यसको प्रयोग गर्नु हुँदैन । सबभन्दा उत्तम तरिका त बन्द कोठामा केरा राखेर टिनको भाँडोमा काठको धुलो बालेर १२-३६ घण्टा सम्म राखेमा काँचो केरा पाक्न सुरु गर्दछ । केरा अलि अलि पाक्न सुरु गरेपछि बाहिर निकाली खुल्ला ठाउँमा राखेमा क्रमिक रुपमा केरा पाक्दछ । गाउँघरमा अलकत्रका ड्रम वा काला प्लाष्टिकका ड्रमभित्र परालमा केरा राखेर दिनभर पारिलो घाममा राख्ने र राती पराल वा कम्मलले छोपीदिनाले पनि केरा पकाउन सकिन्छ । रासायनिक विधिमा इथेरल/क्रिपन औषधिमा इथाइलिन भन्ने तत्व पाईने हुदाँ ५०० पि.पि.एम.९ण्ण्छ५० इथाइलिन प्रयोग गरेर पनि केरा पकाउन सकिन्छ ।

# एउटा अनौठो सार्थक पहल

*श्रीमन नारायण*

यदि यो जनमत संग्रह सफल रह्यो भने स्विट्जरल्याण्डलाई कालोधनको स्वर्ग र प्राकृतिक सौन्दर्यका लागि मात्रै होइन, एउटा अनौठो र उदाहरणीय योजनालाई प्रारम्भ गर्ने देशको निम्ति पनि जानिनेछ, जुन कि गरिबी उन्मूलन गर्ने पुरानो छलफलको सर्वोत्तम विचार हो ।

स्विट्जरल्याण्डमा आफ्नो जनतामध्येका प्रत्येक धनी, गरिब, परिश्रमी, अल्छी, बेरोजगार-रोजगारप्राप्त, बुजुर्ग र नवयुवकलाई सरकारी ढुकुटीबाट प्रत्येक महिना विनासर्त तलब दिने विषयमा जनमत संग्रह हुने भएको छ । अर्थ र समाजशास्त्रमा यसलाई युनिभर्सल बेसिक इनकम अर्थात् सरकारी खर्चमा 'जनताको न्यूनतम नियमित आय' भन्ने गरिन्छ । बजेट घाटाबाट हैरानी भइसकेका ऐंग्लो सेक्सन सरकारलाई यो अनुभव हुन थालेको छ कि थरीथरीका सब्सिडीको ठाउँमा प्रत्येक बालिग नागरिकलाई बजेटबाट नियमित न्यूनतम राशि दिनु एउटा तर्कसंगत विकल्प हुन सक्छ । जब कि समाजशास्त्रीका निम्ति त गरिबी उन्मूलन गर्ने विराट् योजनाको पुनर्जन्म भएकोजस्तो लाग्न थालेको छ । यसैकारण जनकल्याणको अर्थशस्त्रमा पाँचौं शताब्दीको यो पुरानो आदर्शवादी कल्पना अट्लान्टिकका दुवै किनारामा नयाँ ढंगबाट चर्चामा आउन थालेको छ ।

बेसिक इनकमको अवधारणाअन्तर्गत सरकारले प्रत्येक बालिग नागरिकलाई विनासर्त प्रतिमहिना जीविका भरणको पैसा दिनु पर्नेछ, न्यूनतम आवश्यकताअनुसारको । त्यसपछि व्यक्ति आफ्नो आय बढाउनका निम्ति स्वतन्त्र हुनेछ । स्विट्जरल्याण्डमा प्रत्येक नागरिकलाई प्रतिमहिना २५ सय फ्रैंक दिने प्रस्ताव छ, जुन कि देशको मासिक प्रतिव्यक्ति आयको आधा हुन आउँछ । ७९ लाख जनसंख्या भएको यस देशमा जनताले माग गरेपछि जनमत संग्रह गर्नैपर्ने हुन्छ । यो प्रस्ताव झन्डै १.२५ लाख नागरिकको दस्तखतसहित सरकारसमक्ष आउने गर्छ, अतः बेसिक इनकम (आधारभूत आय) को यो प्रस्तावले मूर्तरुप लिने सम्भावना पनि व्यापक नै छ । यही कारण हो कि जेनेभादेखि न्युयोर्कसम्मका राजनेता, अर्थविद् र समाजशास्त्रीसमेत सरकारबाट प्रदान गरिने आयको यस विषयमा गम्भीर छलफल गर्न थालेका छन्, जुन कि प्रत्येक शताब्दीमा चर्चाको विषय रहिआएको छ । थौमस मुरको ग्रन्थ युरोपिया (१५१६) को काल्पनिक पुर्तगाली यात्री रौफेल नानसेन्सो भन्छ, 'चोरहरूलाई फासीको सजाय दिनुभन्दा आजीविकाका निम्ति प्रत्येक महिना केही धन दिनु अपेक्षाकृत राम्रो व्यवस्था हुनेछ ।' सरकारी खर्चमा जनतालाई आय उपलब्ध गराउने विचारको यो सबैभन्दा पुरानो प्रमाण हो । स्पेनिस मानववादी जोहान्स वाइब्सले यसलाई समग्र सिद्धान्तमा परिवर्तन गरेर तथा सन् १५२६ मा ब्रुजको मेचरले यसलाई लागू गर्न प्रेरित गरे ।

१९औं शताब्दीको वेलफेयर स्टेटको युरोपीय सिद्धान्तदेखि लिएर सन् १९६० को अमेरिकी सिविल राइट्स मुभमेन्टसम्म गरिबी उन्मूलनको यो मोडेल विभिन्न नामबाट चर्चामा आयो । यसमा ताजा छलफल सन् १९७० मा नेदरल्याण्ड र डेनमार्कबाट सुरू भयो । त्यहाँका नागरिकको तलबको माग ब्रिटेन र जर्मनीसम्म पुगिसकेको थियो । तर, आदर्शवादका ठेकेदारले यसबाट जनतालाई अकर्मण्य बनाउने तर्कका कारण यो विचार छलफलको मन्त्रभन्दा बाहिर सरकारसम्म पुग्न सकेन ।

बेसिक इनकमको विचारलाई समर्थन गर्नु समयको देन पनि हो । बजारवादी र समाजवादी व्यवस्था यस निश्कर्षसम्म पुगिसकेको छ कि गरिबी र असमानतालाई नहटाई प्रगति गर्नु गाह्रो छ । जबकि नाम र तरिका जुन भए पनि लोककल्याणको नाममा सरकारले धेरै रकम खर्च गर्दै आएको छ । ऐंग्लो सेक्सनको वेलफेयर स्टेटको सम्पूर्ण ढाँचा नै प्रश्नको घेरामा आइसकेको छ किनभने एकातिर धनी देशमा असमानता बढ्दै गएको छ भने अर्कोतर्फ ऋण र घाटाका कारण सामाजिक सुरक्षामा खर्च कम गर्नु बाध्यता हुन गएको छ । हाले स्विट्जरल्याण्डका जनताले एक जनमत संग्रहमार्फत कम्पनी र ब्यांकका अधिकारीको तलबभत्तामा हुने गरेको अनावश्यक वृद्धिको प्रस्तावलाई खारेज गरिदिएका छन्, जुन धनीहरूप्रति विरोधको प्रमाण हो । सामाजिक सुविधामा कटौती हुने गरेको विरोधमा अब युरोपमा पनि आन्दोलन हुनु दिनहुँका घटना भइसकेका छन् । यस अन्योलबीच सरकारी खर्चमाथि विनासर्त नियमित आयको विषयलाई लिएर उत्सुकता बढेको छ किनभने यसबाट गरिबी र सब्सिडी एकैसाथ समाप्त हुने आशा गर्न सकिन्छ । एक आँकलनका अनुसार १६ खर्ब डलरको वार्षिक जिडिपी भएको देश अमेरिकामा पनि वयस्क जनसंख्यालाई गरिबी रेखाको हिसाबले बेसिक इनकम दिंदा झन्डै २.१४ अर्ब डलर खर्च गर्नु पर्नेछ । सामाजिक कल्याणको विभिन्न योजनामाथि ७ सय ५० अर्ब डलर खर्चलाई यसबाट झिकिदिने हो भने यस कार्यक्रममा बर्सेनि १.२ खर्ब डलर खर्च हुनेछ, जसबाट ती परिवारलाई गरिबीबाट पूर्णतः मुक्ति दिन सकिनेछ, जुन अमेरिकाको कुल जनसंख्याको १५ प्रतिशत जति हो । बेलायतका विशेषज्ञ पनि मान्न थालेका छन् कि प्रतिमहिना प्रतिव्यक्ति ५ सय २० पाउन्ड दिने हो भने बाँकी सबै बेकारका योजना र कर्मचारीको धाँधलीबाट मुक्ति पाउन सकिनेछ ।

क्यानडाको एउटा गाउँ डौफिनमा सन् १९७० मा बेसिक इनकमको पहिलो प्रयोग भएको थियो, जब भिनिटोबा प्रान्तको सरकारले त गाउँका एक हजार परिवारलाई चार वर्षसम्म प्रतिमहिना एउटा न्यूनतम राशि भुक्तान गरेको थियो, जसलाई मिनकम भनिएको थियो । परिणामतः डाफिन गरिबीबाट मुक्त हुन गयो । तर, फ्रेन्च लेखक भिक्टर ह्युगो भन्ने गर्थे कि प्रत्येक विचारको आफ्नो एउटा समय हुन्छ र निश्चित रूपमा त्यो बेसिक इनकमका निम्ति सायद उपयुक्त थिएन, त्यसैले होला मिनकमको दस्ताबेज पनि बिनीपेगको अभिलेखागारमा लुकाइए । जे होस्, गरिबीको विरूद्धमा सब्सिडी र बजारघाटाको विरूद्धमा जनकल्याणको बहस हुँदै आएका छन् । तर, युरोपियनको विचार अब प्रासंगिक हुन गएको छ । सामाजिक योजनामाथि बढ्दो सब्सिडी अब एउटा विश्वव्यापी बोझ बन्न गएको छ, जुन विशाल कर्मचारीतन्त्र र योजनाको सन्दिग्ध सफलताका कारण झन् दोब्बर हुन गएको छ ।

बेसिक इनकम सिद्धान्तमा पनि कतिपय त्रुटि छन् । तर, यसमा भइरहेको बहस भने जीवन्त छ किनभने संसारमा सामाजिक सुरक्षा र बजेट घाटालाई एकैसाथ समाधान गर्न सकिने मन्त्रको अनुसन्धान पनि जारी छ । जिडिपीको अनुपातमा करिब १५ प्रतिशत सब्सिडी बाँड्ने देश भारतमा पनि यो बहसको विषय बन्न सक्छ । आखिरी गरिबी उन्मूलनको नाममा भ्रष्टाचारको राजनीतिबाट जनता थकित छन् । सब्सिडी र गरिबी उन्मूलनको नाममा जे जति खर्च भइरहेका छन्, त्यसबाट केही खास व्यक्ति मात्रै लाभान्वित भएका छन् । सामाजिक सुरक्षाका नाममा अन्य शीर्षकमा विनियोजन हुने गरेको रकमको व्यापक दुरुपयोग भइरहेको छ । स्थानीय निकायमा जाने गरेको रकमको सार्थकता सिद्ध भइरहेको छैन । स्विट्जरल्याण्डमा चर्चा भइरहेको विषय नेपालजस्ता देशको निम्ति पनि फलदायी सावित हुन सक्छ, जहाँ भ्रष्टाचार शिष्टाचार बनेको छ र सामाजिक सुरक्षाका नाममा विनियोजन हुने गरेका रकम कर्मचारी र केही खास व्यक्तिलाई धनी बनाउने अमोघ अस्त्र बन्न गएको छ । जे होस्, स्विट्जरल्याण्डमा ल्याइएको एउटा अनौठो योजनाको प्रस्तावले गरिबी उन्मूलनको पुरानो विचारलाई नयाँ आयाम दिने सम्भावना बढेको छ ।


## रुघाखोकी ज्वरोबाट बच्ने उपायहरु

**जाडो याममा रुघाखोकी ज्वरोले विभिन्न उमेर समूहका व्यक्तिहरु बिरामी हुने गर्दछन र रोगको प्रकोप समेत बेला बेलामा देखिने गरेको छ । यो मौसममा साधारणतया रुघाखोकी ज्वरो इन्फ्लुएन्जाका विरामी बढी देखिने गर्दछन । अत : यी रागहरुबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

**लक्षणहरु**

- ज्वरो आउने
- टाउको दुख्ने
- घाँटी दुख्ने
- रुघाखोकी लाग्ने
- श्वास फेर्न गाह्रो हुने
- बच्चाहरुलाई झाडा पखाला समेत हुन सक्छ ।

**बच्ने उपाउहरु**

- खोक्दा हाच्छिउँ गर्दा सफा कपडा वा रुमालले नाक,मुख छोप्ने
- साबुन पानीले मिची मिची हात धुने गरौं ।
- पोषिलो र झोल पदार्थ प्रशस्त मात्रामा पिउने गरौं ।
- ज्वरो आएको व्यक्तिले नगुम्सिएको, हावा ओहर दोहर हुने कोठामा आराम गरौं ।
- ज्वरो रुघाखोकी लागेको विरामीको घरेलु उपचारबाट स्वास्थ्यमा सुधार नभएमा आवश्यक उपचारको लागि नजिकको स्वास्थ्य संस्थामा लैजाऔं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**जिल्ला जन स्वास्थ्य कार्यालय**
टेकु काठमाडौं ।


## vjsb

### नेपालको पहिलो हार



काठमाडौं । नेपाली राष्ट्रिय क्रिकेट टोलीले न्युजिल्यान्डमा पहिलो हारको सामना गरेको छ । एकदिवसीय विश्वकप क्रिकेट छनोटको पूर्वसन्ध्यामा मंगलबार खेलिएको तेस्रो अभ्यास खेलमा नेपाल स्थानीय क्यानटेवरी सेलेक्सन-११ सँग तीन विकेटले पराजित भएको हो । यसअघि पहिलो दुई खेलमा नेपालले क्यानटेवरीलाई आठ विकेट र ६ रनले हराएको थियो । दोस्रो अभ्यास खेलमा ढाडका कारण रिटायर्ड हट भएका नेपाली टोलीका कप्तान पारस खड्का तेस्रो खेलमा उपस्थित हुन सकेनन् । पारसको अनुपस्थितिमा कप्तानी जिम्मेवारी पाएका ज्ञानेन्द्र मल्लले टोलीलाई जित दिलाउन सकेनन् । नेपालको हारमा ब्याटिङ कमजोरी नै प्रमुख कारण बन्यो । पहिले ब्याटिङ गरेको नेपालले ५० ओभरमा ९ विकेट गुमाएर २०७ रनको मध्यम स्कोर खडा गर्‍यो ।

प्रत्युत्तरमा क्यानटेवरीले ४७.१ ओभरमा सात विकेट गुमाएर २०८ रन जोड्यो । घरेलु टोलीको जितमा किरान अम्बयरले उत्कृष्ट ६३ रनको योगदान दिएका थिए । सुरुवाती क्रममा सागर पुनले तीन तथा शक्ति गौचनले एक विकेट हात पार्दा क्यानटेवरी ९४-४ को अवस्थामा रह्यो । नेपालले कसिलो बलिङ र फिल्डिङका कारण क्यानटेवरीलाई दबाबमा राखेको थियो । क्यानटेवरीको ब्याटिङ इनिङमा ज्याक बायले (३५), ह्युघ पेटेरसन (१५)ले जर्ज डावसन (५)ले सुरुवाती योगदान दिए । त्यसपछि अम्बयरले जर्ज डर्क (२१) चौथो विकेटका लागि ७९ रनको साझेदारी गर्दै टोलीलाई १७३-५ को स्थितिमा पुर्‍याए । टोलीका लागि जेफ कासे (२६) र ब्रेन राम्पोसन (२२)का ठोस योगदान कारण क्यानटेवरीले नेपालमाथि पहिलो जित दर्ता गर्‍यो । ब्रेनले १७ बलमा दुई चौका र एक छक्का प्रहार गरे ।

नेपालको बलिङमा सागरले ३७ रन खर्चेर तीन विकेट लिए । सोमपाल कामी, पृथ्ु, वसन्त रेग्मी र अनिलले समान एक विकेट लिए । यसअघि ब्याटिङ गरेको नेपालको सुरुवात कमजोर रह्यो । ओपनर महेश क्षेत्री (३४) र अनिल मण्डल (९)बीच पहिलो विकेटका लागि २१ रनको साझेदारी भएको थियो । महेशले फर्ममा रहेका ब्याट्सम्यान सागर (४४)सँग दोस्रो विकेटका लागि ६८ रनको साझेदारी गरे । सागरले ७५ बलमा चार चौका प्रहार गरे । त्यसपछि महेशले कार्यबाहक कप्तान ज्ञानेन्द्र (२५)सँग ३१ रनको साझेदारी गर्दै नेपाललाई १३०-४ को स्थितिमा पुर्‍याए । ज्ञानेन्द्रले ३५ बलमा तीन चौका र महेशले ७१ बलमा दुई चौका प्रहार गरेका थिए । मध्यक्रमका भरपर्दा ब्याट्सम्यानहरु शरद भेसवाकर (५), विनोद भण्डारी (८) र प्रदीप ऐरी (३)को विकेट गुमाउँदा नेपाल १३२-४ बाट १५४-७ को कमजोर अवस्थामा पुग्यो । ब्याटिङको अवसर पाएका पृथ्ु बास्कोटाले इनिङको अन्त्यतिर ४५ बलमा ४७ रनको योगदान दिए ।

### नीराले बनाइन् छिटो शतक

काठमाडौं । सिनियर महिला राष्ट्रिय क्रिकेटमा एकपछि अर्को कीर्तिमानहरु बनिरहेका छन् । प्रतियोगिताको छैटौं दिन मंगलबार पनि दुई कीर्तिमान स्थापित भएका छन् । नेपाल एपिएफ क्लबकी नीरा राजोपाध्यायले पोखराविरूद्ध महिला क्रिकेट इतिहासकै छोटो शतक बनाउने र लगातार ६ बलमै चौका प्रहार गर्ने दुई व्यक्तिगत कीर्तिमान बनाएकी छिन् ।

नेपालगन्जकी नेरी थापाले प्रतियोगिताको पहिलो दिन काठमाडौंविरूद्ध महिला क्रिकेटकै पहिलो शतक बनाउने रेकर्ड राखेकी थिइन् नेरीबाट आरम्भ गरेको शतकीय इनिङलाई पछ्याउँदै नीराले ७० बलमा पूरा गरिन् । यसअघि चालू प्रतियोगितामै बैतडीकी रेखा रावलले ७४ बलमा छिटो शतक पूरा गरेकी थिइन् । उनको कीर्तिमान चार दिनका लागि मात्र रह्यो । नीराले ३९ बलमा अर्धशतक बनाइन् । इनिङको ४९औं ओभरमा नीराले सुनिता जोशीविरूद्ध लगातार ६ बलमै चौका प्रहार गरिन् । नीराले ७५ बलमा १८ चौकाको मद्दतमा अविजित ११५ रन बटुलिन् ।

### ओल्ड ट्राफोर्डमा मोयर्सको दुर्भाग्य

एजेन्सी । प्रिमियर लिग च्याम्पियन म्यानचेस्टर युनाइटेडको घरेलु लिगका साथ साथै युरोपेली फुटबलमै गर्विलो इतिहास छ । म्यानचेस्टरलाई सो उचाइमा पुर्‍याउन पूर्वप्रशिक्षक एलेक्स फर्गुसनको योगदान ठूलै मान्नुपर्छ । कुनै वेला युरोपमा 'ट्रिपल' उपाधिसमेत दिलाएका फर्गुसनले आफ्नो कार्यकालमा म्यानचेस्टरलाई युरोपियन फुटबलमा कहिल्यै कमजोर हुन दिएनन् । गत सिजन म्यानचेस्टरलाई २०औंपटक लिग च्याम्पियन बनाएसँगै फर्गुसनले प्रशिक्षकबाट सन्न्यास लिए । त्यसपछि म्यानचेस्टरको व्यवस्थापकले फर्गुसनको विरासत थाम्न डेबिड मोयर्सलाई नियुक्त गर्‍यो । तर, मोयर्सले जिम्मेवारी सम्हालेसँगै म्यानचेस्टर दिन प्रतिदिन खस्किरहेको छ । इंग्लिस प्रिमियर लिगको २०औं चरणको खेल सकिँदासम्म म्यानचेस्टर सातौं स्थानमा पुगेको छ । प्रिमियर लिगमा मात्रै नभएर मोयर्सको नेतृत्वमा रहेको म्यानचेस्टर गत आइतबार मात्रै एफए कपअन्तर्गत घरेलु मैदानमै स्वान्सी सिटीसँग २-१ ले स्तब्ध बन्यो । स्वान्सीले १०२ वर्षे आफ्नो इतिहासमा पहिलोपटक ओल्ड ट्राफोर्डमा म्यानचेस्टरलाई हरायो ।



प्रशिक्षकको जिम्मेवारी सम्हालेको ६ महिना पुग्दा नपुग्दै क्लबलाई नाजुक अवस्थामा पुर्‍याएपछि प्रशिक्षक मोयर्सको तीव्र आलोचनासमेत सुरू भएको छ । समर्थकहरु प्रशिक्षक मोयर्सदेखि रूष्ट बनेका छन् ।

# युएईको सेक्युरिटी गार्डमा जान २ लाख ७५ हजार लगानी

काठमाडौं । संयुक्त अरब इमिरेट्स (युएई) मा सेक्युरिटी गार्डमा जानका लागि नेपाली कामदारले २ लाख ७५ हजार रूपैयाँसम्म लगानी गर्न थालेका छन् । म्यानपावर कम्पनीले नेपाली कामदारको माग बढेकाले उताका विदेशी एजेन्टलाई बढी कमिसन दिँदा सेक्युरिटी गार्डमा जानेको लगानी अकासिएको हो ।

नेपाल सरकारले भने युएई जाने कामदारसँग म्यानपावर कम्पनीले ७० हजार रूपैयाँभन्दा बढी रकम लिन नपाउने सीमा तोकेको छ । युएईमा सेक्युरिटी गार्डले महिनाको ३ हजार युएई दिराम (करिब ८१ हजार नेपाली रूपैयाँ) सम्म मासिक पारिश्रमिक पाउँछन् । कामदारले पाउने ओभरटाइम खर्चले उनीहरूलाई खान पुग्ने र बस्ने व्यवस्था भने कम्पनीले गर्छ । अझ ठूला होटल, रेस्टुरेन्ट र औद्योगिक प्रतिष्ठानले ८ घन्टे ड्युटीको समयमा एक छाक खानाको व्यवस्थापन पनि गर्ने भएकाले नेपाली कामदार त्यहाँ जान खोज्छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष बलबहादुर तामाङले युएई पठाउन केही व्यवसायीले सरकारले तोकेभन्दा बढी रकम उठाएको आफूले पनि सुनेको बताए । 'मलेसियापछि युएईमा सेक्युरिटी गार्ड पठाउन व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा हुन थालेको छ,' उनले भने, 'गरिब नेपालीले ब्याजमा लिएको पैसा विदेशी एजेन्टलाई खुवाउनुहुँदैन ।'

युएईले नेपाली सेक्युरिटी गार्डका लागि सुरक्षा अंगमा बसेका पूर्वअधिकृत तथा जवानलाई प्राथमिकता दिने गर्छ । तर, पछिल्लो चरणमा नेपाली व्यवसायीले नक्कली कागजात बनाएर युएईमा सेक्युरिटी गार्डमा कामदार पठाइरहेका छन् ।

पायनियर म्यानपावर ओभरसिजका प्रबन्ध सञ्चालक सुकबहादुर गुरूङले सरकारले पछिल्लो चरणमा हचुवाका भरमा म्यानपावरको इजाजत दिएपछि कामदार बढी रकम तिर्न बाध्य हुन थालेको बताए । 'विदेशी एजेन्टलाई सेवा गरेवापत १५ हजार रूपैयाँसम्म दिँदा हुनेमा केही म्यानपावर कम्पनीले एक लाख रूपैयाँ प्रतिकामदार कमिसन दिन थालेको सुन्नमा आएको छ,' उनले भने, 'सरकारले त्यस्ताको पहिचान गर्न नसक्दा सबै म्यानपावर कम्पनी गलत हुन् भन्ने सन्देश जान थालेको छ ।'

## /Elg va/

### ६ एकान ६ को प्रचारमा जितु



काठमाडौं । अहिले नेपाली फिल्म नचलिरहेको अवस्थामा कलाकार जितु नेपाल भने आफ्नो फिल्म '६ एकान ६' को प्रचारका लागि नोबल एकेडेमी पुगेका छन् । २६ पुसदेखि मुलुकभर ७० वटा हलमा रिलिज हुने '६ एकान ६' को प्रचार गर्दै हिंडेका कलाकार जितु नेपालले नयाँ बानेश्वरमा रहेको नोबेल एकेडेमीमा आफ्नो फिल्मको प्रचार मात्र गरेनन्, उनले त्यहाँका विधार्थीसँग केही अन्तर्क्रिया पनि गरे ।

दश जोड दुईका विद्यार्थीलाई पढाइ नै सबै कुरा हो । नपढीकन यहाँ केही गर्न सकिन्न भन्नेजस्ता कुरा गर्नुका साथै केही रमाइला कुराले विद्यार्थीलाई मनोरञ्जन गराए । कक्षाकोठा छिर्नेबित्तिकै अब को क्लास मुन्द्रेको क्लास भन्दै उनले विद्यार्थीलाई हँसाएका थिए । यस्तो अन्तर्क्रिया खाली फिल्मको प्रचारका लागि मात्र नभएर विद्यार्थीलाई केही मनोरञ्जनात्मक क्रियाकलापका लागि पनि हो भन्दै थिए कलाकार नेपाल ।

यस्ता कार्यक्रमले हामी र हाम्रा विद्यार्थीले कलाकारलाई चिन्ने मौका पनि पाउँछौ र साथै विद्यार्थीले पनि पढाइबाट अलिक फुर्सद पाएर मनोरञ्जनजस्ता कुरामा ध्यान दिन पाउँछन् भन्दै थिए नोबेल एकेडेमीका संस्थापक सुरेन्द्र श्रेष्ठ । नेपालले विद्यार्थीलाई फुर्सद मिलाएर पढाइलाई असर नपर्ने गरी '६ एकान ६' हेर्दिन आग्रह पनि गरेका थिए ।

### मिस एन्ड मिस्टर बाग्मती सम्पन्न

काठमाडौं । बाग्मती उच्च माविद्वारा आयोजित मिस एन्ड मिस्टर बाग्मतीको उपाधि रानी बस्नेत, सिजल सिवाकोटी र राहुल खतिवडाले जितेका छन् । प्रसिद्ध लोकगायक कुमार बस्नेतको प्रमुख आतिथ्यमा सम्पन्न प्रतियोगितामा सिनियरतर्फ रानी बस्नेत र जुनियरतर्फ सिजल सिवाकोटी मिस बाग्मती बने भने राहुल खतिवडा मिस्टर बाग्मती छानिए ।

प्रतिस्पर्धामा स्वस्तिका बुढाथोकी, श्रीयुक्ता निरौला र जेम्स गुरूङ फस्ट रनरअप बने । निनामा किराती, अस्मी श्रेष्ठ र निश्चल केसी सेकेन्ड रनरअप छानिए । उक्त स्पर्धामा सृजा दाहाल, काजोल खड्का, जिज्ञासा न्यौपाने, अध्येता प्रसाईं, श्रेया अधिकारी, श्रेया भट्ट, शिवांशी सिंह, श्रेया निरौला, बिन्ती रम्तेल, अनुशा रामदम, आर्या मुखिया, सबी सुवेदी, विदुषी खड्का, उत्सव पौडेल, रिसव महासेठ, उत्तम चौलागाईं र पृथ्वीराजबहादुर केसीले विभिन्न विधामा उपाधि पाएका थिए । प्रतिस्पर्धामा अभिनेता सुनील थापा, संगीतकार सुरेश अधिकारी, कानुनविद् भीमार्जुन आचार्य, कलाकार दिनेश लामा, फेसन डिजाइनर पूजा श्रेष्ठ, सन्नी शाक्य र ब्युटिसियन बसन्ना कार्की निर्णायक थिए । अभिनेता थापाले विद्यालय तहमै चर्चित सेलिब्रेटीमाझ आत्मविश्वासका साथ प्रस्तुत भएका विद्यार्थीको प्रशंसा गर्दै उत्तरोत्तर प्रगतिको कामना गरे । विद्यालयमा अध्ययनरत विद्यार्थीको बाह्य तथा आन्तरिक सौन्दर्य र आत्मविश्वासको अभिवृद्धिका लागि प्रतियोगिता गरिएको विद्यालयका प्रधानाध्यापक मोहन भट्टले बताए ।

### सिक्किमे स्रष्टा सम्मानित

काठमाडौं । सिक्किमका साहित्यकार तथा नाटककार जगदीश शर्मालाई नेपाली भाषा, साहित्य, गीत सङ्गीत र कला संस्कृतिको उत्थानमा पुऱ्याएको योगदानका कदर




गर्दै काठमाडौंमा 'मिलाप सम्मान' मार्फत सम्मानित गरिएको छ । हाल उनी नेपाल आएको अवसर पारेर एक कार्यक्रमको आयोजना गरी संस्कृतिविद् सत्यमोहन जोशी र मिलाप मासिकका प्रधान सम्पादक कृष्णप्रसाद भुसालले शर्मालाई खादा र ताम्रपत्रसहित सम्मान प्रदान गरेका थिए । बानेश्वर क्याम्पसका क्याम्पस प्रमुख रमेश कोइरालाको सभापत्विमा सम्पन्न कार्यक्रममा सिक्किमेली साहित्यकार शर्माद्वारा लिखित पुस्तक 'पवित्र क्रान्ति'बारे विमर्श पनि गरिएको थियो । कार्यक्रममा प्रा.डा. सुरेन्द्र केसी, बानेश्वर क्याम्पसका प्राध्यापक तथा साहित्यकार महेश प्रसाई, पत्रकार डम्बरकुमार गिरी, स्वराज्य र मेलमिलापका अभियन्ता केशवप्रसाद चौलागाईं, सङ्गीतकार बुलु मुकारूङ, संस्कृतविद् सत्यमोहन जोशीले पुस्तक पवित्र क्रान्तिबारे चर्चा गरेका थिए । पवित्र क्रान्ति सिक्किमका मुख्यमन्त्री पवन चामलिङ्को दर्शनका रूपमा यतिबेला चर्चामा रहेको छ ।

### बिनाको बिना बजारमा

गायिका बिना राईको पहिलो आधुनिक तथा पप गीति एल्बम बजारमा आएको छ । अजम्बरी क्रिएसनको प्रस्तुती बिना एल्बममा मन मेरो मन, सम्झना आउँछ, कति रोए कराए, तिमीलाई नै मनमा जस्ता गित समेटिएका छन् । मिना सिगक, नरेश खातिको गित तथा अशोक राइ, ताराप्रकाश लिम्बुको सङ्गीत रहेको यस एल्बममा गायिका स्वयमको सम्झना आउँछ बोलको गित रहेको छ ।

आफ्नो पहिलो एल्बमबाट निक्कै आशावादी रहेको तथा सङ्गीत क्षेत्रमा लामो संघर्ष पछि आएकोले पनि बिनाबाट केही आशा लिएकी बिना सङ्गीतमा नयाँलाई विषेश प्रोत्साहन र अग्रजको सदा माया चाहिने बताउँछिन् । यसो त बिनाका प्रायः गितहरू यूवावर्गलाई लक्षित गरी बनाइएको हुनाले पनि यसलाई युवा वर्गले धेरै मनपराउनेमा उनी आशावादी रहेको बताउँछिन् । उनी भन्छिन्-गीत सङ्गीतमा सानै देखि रूची थियो, त्यसैले स्कूल पढदा देखी नै गुनगुनाउथे । आज पहिलो प्रयासलाई सबैले माया गरेर मन पराएकोले अझ यसै क्षेत्रलाई निरन्तरता दिने छु । बीनाका सबै गीत एकपटक सबैलाई सुनिदिन उनी आग्रह गरछिन् ।

## skf/6

### ग्लोबल आइएमईको रक्तदान

ग्लोबल आइएमई बैंक आठौं  वर्षप्रवेश अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैंकले बिहीबार आठौं वर्षप्रवेश अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरेको हो ।

कान्तिपथ शाखामा आयोजित कार्यक्रममा बैंकका नायब कार्यकारी अधिकृत जनक शर्मा पौड्यालले रक्तदान शुभारम्भ गरेका थिए । बैंकले वार्षिकोत्सवकै अवसर पारेर पुस १५ मा निःसहाय सेवा सदन शान्तिनगरको सहयोगार्थ प्रभातफेरी कार्यक्रम पनि आयोजना गरिएको जनाएको छ । हाल बैंकको ३६ अर्ब निक्षेप, २९ अर्ब कर्जा लगानी, ७२ शाखा, ७० एटिएम, ४ लाख ग्राहक र १८ शाखारहित बैंकिङ सेवा सञ्चालनमा छन् ।

यसैबीच ग्लोबल आइएमई बैंकले आव ०६९/७० को मुनाफाबाट सेयरधनीलाई चुक्तापुँजीको १५ प्रतिशत बोनस सेयर वितरण प्रस्ताव पारित गरेको छ । बैंकले बिहीबार सम्पन्न आठौं वार्षिकोत्सव प्रवेश अवसरमा सेयरधनीलाई वितरण गरिने बोनस सेयर पारित गरेको हो । हाल बैंकको ३६ अर्ब निक्षेप, २९ अर्ब कर्जा लगानी छ भने आव असोज मसान्तसम्म खुद मुनाफा २७ करोड आर्जन गरेको छ । बैंकका हाल ७२ शाखा सञ्जाल, ७० एटिएम तथा १८ शाखारहित बैंकिङ सञ्जाल छन् ।

### हिमालयन बैंकको लाभांश पारित

हिमालयन बैंकको बुधबार सम्पन्न सञ्चालक समिति बैठकले आव ०६९/७० को मुनाफाबाट सेयरधनीलाई बोनस सेयर ५ प्रतिशत तथा १० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बोनस वितरण प्रस्ताव आगामी २१औं वार्षिक साधारणसभा तथा राष्ट्र बैंकसमक्ष स्वीकृतिका लागि पेस गरिने बैंकले जनाएको छ ।

### एभरेष्ट बैंकको ग्राहक भेट

एभरेष्ट बैंकले 'ग्राहक-उच्च व्यवस्थापन भेटघाट कार्यक्रम' सञ्चालन सुरू गरिएको जनाएको छ । बैंकले नयाँ वर्ष २०१४ अवसरमा मुलुकभरका सबै शाखामा ग्राहक-उच्च व्यवस्थापन भेटघाट कार्यक्रम सञ्चालन गर्दै आएको हो । कार्यक्रमअन्तर्गत बैंकका उच्च कर्मचारीले हरेक शाखामा गई ग्राहकका गुनासा तत्कालै समाधान गर्नेछन् । बैंकका प्रमुख कार्यकारी अधिकृत एके अहलुवालियाले बैंकिङ व्यवसाय सेवामा आधारित भएकाले ग्राहक चाहनाअनुरूप सेवा तथा गुणस्तर बढाई ग्राहकका समस्या समाधान गर्न कार्यक्रम सहयोगी भएको जानकारी दिए ।

### फेवाको २१ प्रतिशत लाभांश स्वीकृत

फेवा फाइनान्स लिमिटेडको एघारौं वार्षिक साधारणसभा सोमबार पोखरामा सम्पन्न भएको छ । सभाले आफना सेयर सदस्यलाई फाइनान्स सञ्चालक समितिको बैठकले आर्थिक वर्ष ०६९/७० को सञ्चित मुनाफाबाट २१ प्रतिशत लाभांश वितरणको प्रस्ताव पारित गरेको छ ।

यसअघि सञ्चालक समितिका तर्फबाट अध्यक्ष दिलबहादुर गुरूङले सेयरधनीलाई १० प्रतिशत बोनस सेयर र ११.०५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको थियो ।

सभामा आव ०६९/७० मा उत्कृष्ट शाखा बनाउन सफल बनाउने शाखा प्रमुख शिवबहादुर कार्की र दश वर्षसम्म फाइनान्समा निरन्तर काम गर्दै आएका लक्ष्मी देवकोटालाई सम्मानित गरिएको थियो । यसैगरी साधारणसभामा सेयरधनीले 'वेस्ट म्यानेज फाइनान्स कम्पनी अफ दी एयर २०१३' हुन सफल भएकोमा सञ्चालक, व्यवस्थापन र कर्मचारीलाई बधाई तथा धन्यवाद दिएका छन् ।

### माछापुच्छ्रेको एटिएम अख्तियारमा

माछापुच्छ्रे बैंक लिमिटेडले सोमबारदेखि सञ्चालनमा आउने गरी आफ्नो थप एटिएम सेवा अख्तियार दरूपयोग अनुसन्धान आयोग परिसरमा सुरू गरेको छ । उक्त एटिएमको आयोगका प्रमुख आयुक्त लोकमान सिंह कार्कीद्वारा उद्घाटन गरिएको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । सञ्चालनमा आएको नयाँ एटिएमबाट बैंकले २४ घन्टा नै रकम झिक्न सकिने सुविधासमेत उपलब्ध गराउने जनाएको छ ।

२ अर्ब ४७ करोड ८८ लाख रूपैयाँ चुक्ता पुँजी रहेको बैंकले २१ पुस ०७०  सम्ममा ३० अर्ब ९७ करोड निक्षेप परिचालन गरी २४ अर्ब ६४ करोड रूपैयाँ कर्जा प्रवाह गरेको छ । पोखराबाट २०५७ सालमा बैंकिङ कारोबार सुरू गरेको यस बैंकको कुल शाखा संख्या ५४ र एक्स्टेन्सन काउन्टर १ का साथै आफ्नै एटिएमको संख्या ६५ पुगेको छ ।

### सिद्धार्थ म्युच्युअल फन्डको लाभांश घोषणा

सिद्धार्थ बैंकको सहायक कम्पनी सिद्धार्थ क्यापिटलका लगानीकर्ताले 'सिद्धार्थ लगानी वृद्धि योजना-१' मा ४.५ प्रतिशत नगद लाभांश पाउने भएका छन । व्यवस्थापक कम्पनी सिद्धार्थ क्यापिटलको ३५औं सञ्चालक समिति बैठकले लाभांश वितरणको निर्णय गरेको हो ।

गत कात्तिकमा १२.८७ रूपैयाँ प्रतिइकाइ खुद सम्पत्ति मूल्य रहेको सिद्धार्थ लगानी वृद्धि योजना- १ को मंसिरमा १५.०१ रूपैयाँ मूल्य भएको छ । प्रतिइकाइ १० रूपैयाँमा लगानी गरेका लगानीकर्ताको अहिले प्रतिइकाइ मूल्य १५ रूपैयाँबराबर भएको छ । योजनाअन्तर्गत सार्वजनिक निष्कासनमा ८१ लाख, अन्य धितोपत्रमा ३७ हजार, १३ करोड बैंक मौज्दातका रूपमा लगानी रहेको कम्पनीले जनाएको छ ।

### रिलायबलको साइन रेसुंगासँग सम्झौता

रिलायबल फाइनान्स र साइन रेसुंगा डेभलपमेन्ट बैंकबीच एक-अर्काका चेक साट्ने सम्झौता भएको छ । सम्झौतापछि दुवै संस्थाका ग्राहकले एक-अर्का संस्थाका कुनै पनि शाखाबाट चेक साट्न सक्नेछन् । सहमतिपछि दुवै संस्थाका ग्राहकलाई रकम साट्न सहज हुने कम्पनीको विज्ञप्तिमा उल्लेख छ ।

## भोलि...

एमाओवादीले हेमन्तप्रकाश वली र नेकपा-माओवादीले कूलप्रसाद केसीलाई खटायो । राप्रपा नेपालका महामन्त्री चन्द्रबहादुर गुरूङले राष्ट्रिय एकता दिवस राष्ट्रिय स्तरमा मनाउन प्रस्ताव गर्दै उक्त दिन राष्ट्रिय विदा दिनुपर्छ भनेर राखेको प्रस्तावमा सबैले सहमति जनाए र त्यसपछि मन्त्री रामकुमार श्रेष्ठले यो प्रस्तावलाई मन्त्रिपरिषद्मा लगेर पारित गराउने बचन दिएका थिए ।

देर आए दुरूस्त आए । नेपाल निर्माता बडामहाराजधिराज पृथ्वीनारायण शाहको जन्मजयन्ती मनाउने राजनीतिक सहमति भएको छ, सरकार सहमत भएको छ । परिवर्तनपछि पहिलो पटक राजनीतिक अहंकार समाप्त भएको विश्लेषकहरूको निर्क्योल छ ।

## शितल निवासमा...

खुवाइरहेका छन् । र, २३ गतेको चियापानमा संवोधन गर्दै 'म संविधान जारी नभएसम्म पद छाड्दिन' भन्ने सन्देश दिएका छन् ।

संविधानसभाको आह्वान, सरकार गठन र संविधान लेखन प्रक्रियाको हलो राष्ट्रपति चुनाव हुने कि नहुने भन्ने अप्ठेरोमा अड्किएको छ । यही विषयमा सर्वोच्च अदालतमा मुद्दा परेको छ । राजनीतिक तानातान भइरहेको छ । राष्ट्रपति पद छाड्दिन भनेर सत्ता लिप्सा देखाइरहन्छन् भने डा.रामवरण यादव मुलुकमा शान्ति र संविधान चाहँदैनन्, पदमोह उनीभित्र प्रवल छ भन्ने देखिन्छ ।

यद्यपि अहिलेसम्म एकाध आनावश्यक खर्च, भ्रमणको नौंटंकी बाहेक राष्ट्रिय एकता खलल हुने र राजनीति विवाद चुलिने ठूला नकाम राष्ट्रपतिले गरेका छैनन् । पुस २३ को चियापानमा डा.रामवरण यादवले पद मोह छैन, शान्ति र संविधानका लागि सहमति गर्नोस् भनेर त्यागी भावना व्यक्त गरेको भए उनी ऐतिहासिक हुने थिए । संविधानसभाले संविधान जारी नभएसम्मका लागि मन्जुर गर्ने निश्चित थियो । तर डा.रामवरण चुके, रामको नाम बदनाम गरे । राजनीतिक अराजकता झन् बढाए । यस्ता रामवरण कसरी राम ?

## आत्मालोचनाको...

छुट्टै भेट गरी आफ्ना विरोधका स्वरहरू बाहिर नराखी केन्द्रिय समितिको बैठकमा राख्न दिर्नेशन समेत दिइसकेका छन् । भट्टराई र श्रेष्ठ पक्षले आउँदो केन्द्रिय समितिको बैठकमा अध्यक्ष दाहालले गल्ती भएको स्वीकार गरी आत्मालोचन नगरेका खण्डमा उनलाई रानिजामा गर्न बाध्य पार्ने रणनीति लिएपछि जसरी भएपनि भट्टराई र श्रेष्ठको रणनीति असफल पार्न अध्यक्ष दाहालले आफ्ना पक्षका नेताहरूलाई निर्देशन दिएको सूत्रले दाबी गरको छ ।

संविधानसभाको दोस्रो निर्वाचनमा पार्टीको पराजयको जिम्मेवारी अध्यक्ष दाहालले लिनुपर्ने अडानमा भट्टराई र श्रेष्ठ रहेपनि अध्यक्ष दाहाल त्यो स्वीकार्ने पक्षमा नभएको दाहाल पक्षका नेताहरूको भनाई रहेको छ । केही दिन पहिला दाहाल पक्षीय नेताका रूपमा चिनिएका गोपाल किराँतीले त भट्टराई र श्रेष्ठले पार्टी फुटाएमा आफूले त्यसलाई स्वागत गर्ने सार्वजनिक अभिव्यक्ति नै दिएका थिए । संविधानसभाको दोस्रो निर्वाचनमा प्रत्यक्षतर्फबाट पनि दाहाल पक्षीय नेताहरूलाई दाहाल पक्षीय नेताहरूलाई संविधानसभा सदस्य बनाउन दाहाल सफल भएपछि भट्टराई र श्रेष्ठ पक्षीय नेताहरू मिल्दा पनि केन्द्रिय समिति र संसदीय समितिमा ४० प्रतिशत नपुग्ने अवस्था आएपछि बाहिर जतिसुकै कुर्लिए पनि भट्टराई र श्रेष्ठ अन्तिम समयमा गएर दाहालकै शरणमा पर्ने एक दाहाल पक्षीय नेताले बताएका छन् । दाहालले चाल्ने जुनसुकै रणनीति भएपनि भट्टराई र श्रेष्ठ दाहाललाई आत्मालोचना गराएर आफ्नो मानमर्यदा राख्ने विषयमा मात्र केन्द्रित रहेका हुनाले अहिलेकै अवस्थामा एमाओवादीमा विभाजन हुन सक्ने सम्भावना न्यून रहेको एक राजनीतिक विश्लेषकले बताएका छन् । उनको भनाईमा दाहाललाई ठीक ठाउँमा ल्याउन मात्र भट्टराई र श्रेष्ठ एक ठाउँमा रहेको जस्तो देखिए पनि भट्टराई र श्रेष्ठ लामो समयसम्म एउटै कित्तामा उभिन सक्ने अवस्था नै छैन ।

## एमाओवादीभित्र...

पो भयो भनेर रविन्द्रप्रताप शाह पश्चातप गर्दै हिंडेका छन् । पैसाले सभासद् किन्ने शाहको यो पश्चताप देखेर धेरैले रविन्द्रप्रतापलाई 'थुक्क-थुक्क' गरेर घृणा गरेको पनि देखिएको छ ।

खासगरेर जनयुद्ध कालमा सुरक्षाकर्मी मारिने र माओवादीलाई बचाउने कुन कुन नालायक काम गरेछन् रविन्द्रप्रतापले भनेर एकातिर अनुसन्धान सुरू भएको छ भने अर्कोतिर ३ करोड ५० लाख चन्दा दिन सक्ने हैसियत रविन्द्रप्रतापमा कसरी आयो भनेर खोजी सुरू भएको खबर छ ।

## अध्यक्ष दाहाललाई...

लागि तयार हुनुपर्छ भन्दै अब पनि लामो समयसम्म पदमा बसिरहने प्रयास भएको खण्डमा त्यसले नयाँ पुस्ता अगाडि बढ्न नसक्ने ठोकुवा समेत गरेका छन् । पौडेलले गत माघमा सम्पन्न माहाधिवेशनमा ६५ देखि ७० वर्ष उमेर पुगेका र एक जनाले एक कार्यकालभन्दा बढी नेतृत्व लिन नहुने आवाज उठेको भन्दै त्यसका लागि समिति नै गठन गर्नु परेको बताउँदै हालै सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनको परिणामले त्यसको औचित्य पुष्टि भएको बताएका छन् । प्रत्यक्ष रूपमा उनले अध्यक्ष दाहालको नाम नलिए पनि उनको आक्रोश अध्यक्ष दाहालमाथि नै थियो । समानुपातिक सभासद् चयन प्रक्रियामा समेत पार्टी नेतृत्वले गरेको एकलौटी निर्णय पार्टीका लागि घातक भए पनि त्यही कारणले पार्टी भने विभाजन नहुने नेता पौडेलको भनाई थियो ।

नेता पौडेलले हरेक पार्टीभित्र त्याग, निष्ठा, आदर्श हराएर गएको छ । गुट, पद, पैसा, अवसरवाद, उपयोगितावादको प्रभावका कारण नेतृत्व फराकिलो हुन नसकेको हुनाले अब पनि त्यस्तै हुने हो भने आफ्नो पार्टीमात्र होइन मुलुक नै दुर्घटनामा फस्न सक्ने चुनौतीसमेत दिएका छन् । संविधानसभाको बैठक तुरून्त बोलाउन माग गर्दै नेता पौडेलले ठूलो दल भएका कारण नेपाली कांग्रेसले जिम्मेवार र उदार भएर अघि बढ्न सके एक वर्षभित्रैमा संविधान निर्माण हुन सक्ने बताएका थिए ।

## जनतालाई...

संविधानसभामा सबैभन्दा ठूलो दल भएको एमाओवादीकै कारण संविधान निर्माण भएन, अहिले ऊ तेस्रो ठूलो दल भएको छ, फेरि उसले अनेक बखेडा निकालेर संविधानसभा र संविधान निर्माणलाई नै अनिर्णयको बन्दी बनाउने खेलमा लागेको भएपनि अहिले नेपाली कांग्रेस र नेकपा एमालेको संविधानभासमा झण्डै दुई तिहाइ मत रहेको अवस्थामा कांग्रेस-एमालेले चाहेको खण्डमा संविधान निर्माण हुन सक्ने अवस्था भएपछि एमाओवादी कांग्रेस, एमालेलाई लडाउने खेलमा सक्रिय भएको जस्तो देखिएको छ ।

नेपाली जनताले संविधानसभाबाटै संविधान निर्माण गर्नका लागि दुई दुई पटक मतदान गरिसकेका छन् । जनताले दलहरूको हैसियत निर्धारण गरिदिएका हुनाले अब दलहरूले आ- आफ्नो हैसियतमा रहेर संविधान निर्माण गर्दै अघि बढ्नु बाहेकको विकल्प दलहरूसँग नभएको हुनाले अब जतिसक्दो छिटो संविधानसभाको बैठक बोलाएर सरकारको निर्माण गर्दै संविधान निर्माणको कार्यलाई तिब्रता नदिएको खण्डमा यी ठूला भनिएका दलहरूलाई नेपाली जनताले कहिल्यै माफ गर्ने छैनन् । जनतालाई सत्ता हत्याउने भऱ्याङका रूपमा पहिला पनि प्रयोग गरियो अब पनि त्यस्तो गरिए यिनै दलहरूको विरूद्ध जनता सकडमा जानु बाहेक विकल्प जनतासँग छैन् ।

## एमाओवादीभत्र अलग...

नेता श्रवणलाई पार्टीले चुनावको बेला नै साधारण सदस्यबाट निस्कासन गरिसकेको भएपनि उनैको आतिथ्यमा एमाओवादीका नेता तथा कार्यकर्ताहरू भेला भएर जनयुद्धमा लागेका, निरन्तर पार्टीलाई सहयोग गरेका र सहिद-वेपत्ता परिवारका सदस्यहरूलाई पार्टीले प्रत्यक्षमा टिकट नदिएको र समानुपातिकमा पनि पैसाको चलखेलको नाममा सिफारिस भएको ठहर गरेको थियो । भेलामा श्रवणले पार्टी कमजोर बन्दै गएको र आफूलाई पार्टी अध्यक्ष पुष्पकमल दाहालले कारबाही गरेपनि जनताले पहिलाकै जस्तो माया गरेको बताउँदै उनले आफूलाई पार्टीले उपेक्षा गरेको हुनाले जनता र कार्यकर्ताहरूकै सल्लाहमा आफूले स्वतन्त्र उम्मेदवारी दिएको बताएका थिए ।

सो भेलाको अध्यक्षता गरेका भिन्वारले पार्टीको माथिल्लो तहमा दल अदलबदल गर्ने नेताहरू नै शक्ति रहेको बताउँदै शीर्ष नेताहरूले नै गुटबन्दी गरेको आरोप लगाउँदै नेताहरूले अब पनि गल्ती नसच्याए आफूहरू पार्टीबाट अलग हुने धम्की समेत दिएका थिए । यसरी फलामे अनुशासुन भएको भनिएको पार्टीभित्र अहिले गुटबन्दीको आरोप लागेपछि एमाओवादी भित्र निकै संकट बढेको छ ।

## नेपालमा पनि...

हुनाले अब नेपाली मतदाताहरूले समेत राइट टु रिजेक्टको अधिकार प्रयोग गर्न पाउने भएका छन् । मंसिर ४ गतेकै निर्वाचनमा उक्त अधिकार राखिपाउँ भनी परेको रिट निवेदनको टुंगो लगाउँदे सर्वोच्च अदालतका न्यायाधीश द्वय कल्याण श्रेष्ठ र प्रकाश वस्तीको संयुक्त इजलासले त्यस्तो आदेश दिएको हो । आदेशमा भनिएको छ, मतदातालाई उम्मेदवार इन्कार गर्न पाउने अधिकार नभएसम्म वास्तविक जनमत जाहेर हुन सक्दैन ।

दोस्रो संविधानसभाको निर्वाचनअघि नै अधिवक्त द्वय भाइराज राई र भद्रप्रसाद नेपालले त्यस्तो अधिकारको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन गरेकोमा त्यसबेला अदालतले विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गरेको थियो । निर्वाचन आयोगले त्यसबेला मतपत्र छापिसेको हुनलो नेगेटिभ भोटिङको व्यवस्था गर्न नसक्ने जवाफ अदालतलाई दिएको थियो । अब अदालतको परमादेशले गर्दा स्थानीय निकायको चुनावमा समेत आयोगले नेगेटिभ भोटिङको व्यवस्था गरेर मात्र मतपत्र छाप्नु पर्ने र त्यही अनुसारको चुनाव गराउनु पर्ने कानुनी बाध्यता रहेको छ । संसदको चुनावमा भने नेपाली जनताले पाँचवर्ष पछि मात्र त्यो अधिकार प्रयोग गर्न पाउनेछन् ।

# प्रमुख नियुक्त नगरिए आन्दोलन

काठमाडौं । नेपाल टेलिकममा तत्काल प्रबन्ध निर्देशक नियुक्त नगरिए कर्मचारीले आन्दोलन गर्ने बताएका छन् । टेलिकमका यसअधिका प्रबन्ध निर्देशक अमरनाथ सिंहको असोज अन्तिम साताबाट पदावधि सकिएपछि टेलिकम अहिले प्रमुखविहीन भएको छ । टेलिकमसम्बद्ध ट्रेड युनियनले तत्काल प्रबन्ध निर्देशक नियुक्त गरी टेलिकमका कामलाई क्रियाशील बनाउन सञ्चारमन्त्रीको ध्यानाकर्षण गराएका छन् । टेलिकमसम्बद्ध ट्रेड युनियनले सञ्चारमन्त्रीलाई टेलिकममा प्रबन्ध निर्देशक नियुक्ति प्रक्रिया सुरू गर्न दबाब दिएका हुन् ।

सिंहको पदावधि सकिँदा संविधानसभा निर्वाचन तयारी समय भएको र निर्वाचन आचारसंहिताले महत्वपूर्ण नियुक्ति रोक्ने भन्दै टेलिकममा प्रबन्ध निर्देशक नियुक्त हुन सकेका थिएनन् । चुनावपछि भने निर्वाचित सरकारले नै प्रबन्ध निर्देशक नियुक्ति गर्नु उपयुक्त हुने भन्दै वर्तमान कामचलाउ सरकारले जोखिम मोल्न नचाहेपछि टेलिकम प्रमुखविहीन बनेको छ ।

कर्मचारी संगठनले सञ्चारमन्त्रीलाई भेटी टेलिकम लामो समयदेखि प्रमुखविहीन हुँदा प्रतिस्पर्धी कम्पनीलाई फाइदा पुगेको र टेलिकम प्रतिस्पर्धामा पछाडि परेको बताएका छन् । 'संस्था नेतृत्वविहीन अवस्थामा हुँदा निर्णयमा क्षणिक ढिलासुस्तिले पनि ठूलो असर पार्ने भएकाले तत्काल प्रबन्ध निर्देशक नियुक्त गर्न भनेका हौं,' नेपाल टेलिकम वर्कर्स युनियनका महासचिव उग्रकान्त झाले भने । सिंहको अवकाशपछि वरिष्ठताका आधारमा टेलिकमका निर्देशक बुद्धिप्रसाद आचार्यले निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हालिरहेका छन् । निमित्त प्रमुखले महत्वपूर्ण निर्णय गर्न नसक्ने भएकाले लामो समय प्रमुखविहीन हुँदा संस्थाको प्रतिस्पर्धी क्षमतामै ह्रास आउने उनको भनाइ छ ।

टेलिकम सम्बद्ध युनियनहरुले टेलिकमभित्रैबाट प्रबन्ध निर्देशक नियुक्ति गर्न सञ्चारमन्त्रीलाई आग्रह गरेका छन् । टेलिकमभित्रै योग्य मानिस भएको र उनीहरूलाई जिम्मेवारी दिंदा संस्थाको प्रतिस्पर्धी क्षमता बढ्न सक्ने ट्रेड युनियनको भनाइ छ ।

## राज्यलक्ष्मीलाई सभासद् घाँडो



काठमाडौँ । गोल्छा परिवारकी राज्यलक्ष्मी गोल्छा एमालेबाट समानुपातिक सभासद् त भइन् तर रामकुमारी झाँक्रीले पैसाका अगाडि रगत सस्तो भो भनेर गरेको प्रचारले सभासद् पद राज्यलक्ष्मीलाई घाँडो बन्न पुगेको छ । इज्जत होला भनेर सभासद् त भइयो, पैसा पनि गयो, भएको इज्जत पनि गयो भनेर आजकल राज्यलक्ष्मी 'थुक्क थुक्क' गर्दै दिक्क भएको खबर गोल्छा हाउसभित्रै चुहिएको छ ।

एमालेका जुझारू कार्यकर्ता र धेरै नेताहरू यसरी कार्यकर्ताको अपमान गरेर सभासद् बेचिहाल्नु हुन्नथ्यो बरू मनोनित कोटामा मनोनित गरेको भए स्वाभाविक देखिन्थ्यो, यति ठूलो रडाको मच्चिने थिएन भन्न थालेका छन् । राज्यलक्ष्मीलाई मनोनित गर्दा एमालेको चुनावी जित फिका बन्न पुगेको छ । एमाले अध्यक्ष झलनाथ खनालले भने राज्यलक्ष्मीलाई सभासद् बनाएपछि उठेको पार्टीभित्रको विवादलाई लिएर अध्यक्ष खनालले राज्यलक्ष्मीले आफैं राजीनामा दिए पार्टी कार्यकर्ताहरूको आक्रोस शान्त हुने बताएको बल्खु सूत्रले दाबी गरेको छ ।

## खेतान कानुन किन्न दौडे

काठमाडौं । आफैं अध्यक्ष भएको एभरेष्ट इन्स्योरेन्सबाट अनियमित रूपमा आफ्नै हिमालयन स्न्याक्स फ्याक्ट्रीमा भएको आगलागीको क्षतिपूर्ति ४ करोड भुक्तानी लिएको सन्दर्भमा सिआईबीले दोषी पाएपछि उक्त मुद्दालाई सरकारी वकिलको कार्यालयमा पुऱ्याएको छ । सरकारी वकिलको कार्यालयले हाजिर हुन समन जारी गरेपछि फस्ने छटपटिमा परेका राजेन्द्र खेतान यतिखेर कानुन किन्न हिंडेको हल्लाले उद्यमी, व्यापारी क्षेत्रमा ठूलै चर्चा पाएको छ ।

यसैबीच राजेन्द्र खेतानले नक्कली भ्याट बिल बनाएर राष्ट्रलाई हानी नोक्सानी पुऱ्याएको उजुरी राजस्व अनुसन्धान विभाग र अख्तियारमा परेको छ । दशा थाहै नदिई आउँछ भने झैँ राजेन्द्र खेतानका लागि २०१४- साढे सात लिएर आएको देखिँदैछ । हेर्नु यत्ति छ कि मोहनगोपाल पुत्र राजेन्द्र खेतानले कानुन किन्न सक्छन् कि सक्दैनन् ? बीमा समिति स्रोतका अनुसार यो काण्डमा खेतान बच्ने ठाउँ नै छैन । उनले बीमा लेख पछि बनाए, बीमा शुल्क तिरेका छैनन् । ३ हजारलाई उछिनेर उनले शक्तिमा आउन अनियमित तरिकाले बीमा दाबी गरेर ४ करोड भुक्तानी लिएका छन् । राजेन्द्र खेतानका लागि कानुन मिच्ने हो भने अर्कै कुरा, नत्र खेतान यो भ्रष्टाचार काण्डमा सिआईबीको रिपोर्ट अनुसार जेल जानै पर्ने सम्भावना देखिएको छ ।

## विद्रोहीले भने- राप्रपा नेपाल जिन्दावाद

काठमाडौं । पुस १५ गते ४५ मध्येका १९ जना केन्द्रीय सदस्यले बिद्रोह गरी नयाँ दल दर्ता गर्न निर्वाचन आयोगमा पुगे पनि त्यो बिद्रोह ७२ घण्टा पनि टिकेन । बिद्रोहीका नेता टंक ढकालले आत्मालोचना गर्दै माउ पार्टीमा प्रवेश गरेपछि जोकर फाल्तु भए, श्याम तिमल्सिना, गणेश शेरचन, डा.शास्त्रदत्त पन्त, बद्रीबहादुर केसी र अधिवक्ता बालबृष्ण न्यौपाने । राप्रपा नेपालभित्रको बिद्रोह र सम्हालिएको दृश्य देख्नेहरू जिल्लाराम परे भने टंक ढकाल बिना पिंधको लोटा बनेपछि उनलाई उचाल्नेहरू जिल्लाराम परे ।

टंक ढकालसँगै धेरै केन्द्रीय सदस्यहरू माफी माग्दै पार्टी प्रवेश गरिसकेका छन् । प्रल्हाद शाह, रमेश श्रेष्ठ, धनेन्द्र सुब्बा, टेकनारायण राजवंशी, रूपसिंह थापा, दशरथ जोशी निलम्बनमा परेका छन् । समानुपातिकमा पाएको २४ जनाको मनोनित काण्डले राप्रपा नेपाल झण्डै फुट्यो र फुट्नबाट बच्यो । एकपटक फेरि अध्यक्ष कमल थापाको निर्णय नै सहमत र सर्वसम्मत हुन पुगेको छ ।

यद्यपि टंक ढकाल 'परिवारवाद' विरूद्ध किन उचालमा परे र कसले थचारी दियो भन्ने विषय रहस्यमै छ । अब राप्रपा नेपालले संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्रका लागि संविधानसभाको पहिलो बैठकदेखि संघर्ष गर्दै चौथो शक्तिको मान राख्छ राख्दैन सम्पूर्ण नेपाली जनताका लागि प्रतिक्षाको विषय बनेको छ ।

गलत सूचनाको सम्प्रेषण अपराध हो, त्यसैले सूचनाको तोडमरोड नगरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौ, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार